# बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव

**त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टीकरण विषय अन्तर्गत स्नातकोत्तर तह (एम.एड) दोश्रो वर्षको** ED.PM.598 **को आंशिक आवश्यकता पूरा गर्नको लागि प्रस्तुत**

शोधपत्र :


**प्रस्तुतकर्ता :**

**रमेश अधिकारी**

**क्याम्पस रोल नं. : ३०/०६४**

**परीक्षा रोल नं. : १३००८१/०६६**

**त्रि.वि.वि.दर्ता नं.. : ५-१-१३-४०८-९९**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस**

**सिराहा**


**२०७१**

त्रिभुवन विश्वविद्यालय
श्री सूर्यनारायण सत्यनारायण मौरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
033-520387
033-520082

पत्र संख्या :
चालनी नम्वर :

## कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग अन्तर्गत द्वितीय वर्षको आंशिक आवश्यकता परिपूतिका लागि **बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव"** अध्ययन शीर्षकमा यो शोधपत्र तयार गरिएको छ। यस शोधपत्रमा नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागअन्तर्गत ओखलढुंगा जिल्ला शिक्षा कार्यालयद्वारा विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको वर्तमान अवस्था पत्ता लगाउन, बालविकास केन्द्रमा गरेको लगानीले व्यवस्थापनमा पारेको प्रभावको विश्लेषण तथा लगानीमा देखा परेको समस्याहरुलाई पहिचान गरी समाधानका उपायहरुको बारेमा अध्ययन कार्य भएको छ।

यस शोध कार्यलाई सफल बनाउनकालागि आवश्यक सल्लाह, सुझाव, निर्देशन तथा मार्गदर्शन प्रदान गर्नु भएका विभागीय प्रमुख प्रा.श्री चन्देश्वर यादवज्यू तथा शोध निर्देशक आ.प्रा.श्री धर्मराज सिंह प्रति हृदयदेखि नै हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु। त्यस्तै शोधकार्यका शिलशिलामा आवश्यक तथ्यांक तथा सूचनाहरु उपलब्ध गराई सहयोग गर्नु हुने जिल्ला शिक्षा कार्यालय ओखलढुंगाका जि.शिक्षा अधिकारी श्री लोक बहादुर लोप्चनज्यू, जि.शि.का.ओखलढुंगाका शाखा अधिकृत श्री लेखराज कार्किज्यू, वि.नि.श्री राम बहादुर तामाङज्यू तथा स्रोतव्यक्तिहरु श्री टंकहरी दाहाल र श्री राम कुमार ढकाल प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। साथै नमूना छनौटमा परेका सिस्नेरी स्रोतकेन्द्र तथा च्यानाम स्रोतकेन्द्रका ८ वटा विद्यालयका प्रधानाध्यापक,

वि.व्य.स.अध्यक्ष, शि.अ.सं. अध्यक्ष, अभिभावक तथा सहयोगी कार्यकर्ता एवम् शिक्षक परिवार प्रति सहयोगको लागि विशेष धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा पुस्तक सोधपत्र लेखनमा मैत्री वातावरण तयार पारी सहयोग गर्ने मेरा घरपरिवारका सदस्य, सहपाठि मित्र काशिन्द्र यादव, मित्रजन एवम् शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु र साथै कम्प्युटर छपाईमा अमुल्य समय दिई  सहयोग गर्ने माँ कम्प्युटर प्रिन्टर्स एण्ड फोटोकपी सेन्टर सिरहाका देव कुमार कामती र श्रवण कामतीलाई पनि धन्यवाद दिन चाहन्छु ।

रमेश अधिकारी

शोधकर्ता

# शोधसार

*प्रस्तुत शोध अध्ययन सामुदायिक विद्यालयमा आधारित **"बालविकास केन्द्रमा गरिएको लगानीको प्रभाव"** विषयमा तयार गरिएको हो । यस अध्ययनको मूख्य उद्देश्य विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानी पत्ता लगाई बालविकास केन्द्रमा गरिएको लगानीले व्यवस्थापनमा पारेका प्रभाव, लगानीका समस्या तथा समाधानका उपायहरुको खोजी गर्दै त्यसकालागि सुझाव प्रस्तुत गर्नु हो ।*

*यो शोध कार्य गुणात्मक र संख्यात्मक मिश्रित अनुसन्धान ढाँचामा आधारित छ । प्राथमिक तथ्यांकको आवश्यता अनुसार सहायक तथ्यांक पनि प्रयोग गरिएको हो । ओखलढुंगाा जिल्लाका सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरु मध्येबाट सम्भावनायुक्त नमूना छनौट विधिका आधारमा आठ वटा बालविकास केन्द्रलाई नमूनाको रुपमा छानिएको हो । उद्देश्यमूलक नमूनाका आधारमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, सहयोगी कार्यकर्ता, अभिभावक, शिक्षक अभिभावक संघ अध्यक्ष, स्रोत व्यक्ति, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारीलाई उत्तरदाताका रुपमा अध्ययनमा समावेश गरिएको हो । यस अध्ययनका साधनका रुपमा प्रश्नावली, अन्तरवार्ता, छलफल, अवलोकनलाई प्रयोग गरिएको छ । यस अध्ययनालागि अध्ययनकर्ता आफै सम्बन्धित ठाउँमा गई तथ्यांक संकलन गरेको छ , संख्यात्मक तथ्यांकको तालिकामा राखि व्याख्या गरिएको छ । शिक्षाको माग र आपूर्ति अनुसार विद्यालयमा आधारित बालविकास केन्द्रमा प्रयाप्त सरकारी लगानी भएको छैन । सहयोगी कार्यकर्ताको तलब भत्ता तथा मसलन्दमा सरकारले लगानी गरेको छ । बालविकास केन्द्रलाई विद्यालयले नै भवन, फर्निचर, शौचालय, खेल मैदान उपलब्ध गराएको छ । स्थानीय निकाय तथा अभिभावकहरुबाट आर्थिक लगानी गरेको पाइएन । बालविकास केन्द्रहरुमा आर्थिक लगानी बृद्धि गर्ने उपायहरुमा छुट्टै बजेट विनियोजन गर्ने, छुट्टै वि.व्य.स.गठन गर्ने, सरोकारवालाहरुको नियमित अनुगमन र निरीक्षणमा उदासिन रहेको पाईयो । विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएका समस्याहरुमा छुट्टै वि.व्य.स.को गठन, भौतिक पक्ष, शैक्षिक सामाग्री, सहयोगी कार्यकर्ताको तालिम, अभिभावकहरुको नियमित अनुगमनको अभाव रहेको पाईयो ।*

*विद्यालयमा आधारित बालविकास केन्द्रहरु प्रति अभिभावकहरुको चेतनाको अभाव देखिन्छ । समन्वय, सञ्चालनको विस्तार भएको पाइएको छैन । माँग जतिको बालविकास केन्द्रमा लगानी भएको छैन । बालविकास कार्यक्रममा आर्थिक लगानी बृद्धि गर्नुपर्छ । शिक्षा क्षेत्रमा काम गर्ने सरोकारवालाहरुले आफ्नो भूमिका इमान्दारीपूर्वक निर्वाह गर्नुपर्छ । मूल्यांकन प्रकृयामा सुधार ल्याउनुपर्छ । सहयोगी कार्यकर्तालाई शैक्षिक सामाग्री विकास तालिम दिनुपर्छ । बालविकास कार्यक्रमको नीति निर्माणमा सरोकारवालाको सहभागिता बढाउनुपर्छ । अनुगमन र निरीक्षण प्रणालीमा सुधार गरी विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्नुपर्ने देखिन्छ ।*

# विषय सूची


| | पेज |
|---|---|
| सिफारिस पत्र | II |
| स्वीकृत पत्र | III |
| कृतज्ञताज्ञापन | IV |
| शोधसार | V |
| संक्षिप्त शब्द सूची | VII |
| विषय सूची | VIII |

**परिच्छेद : एक**

**परिचय**

| | | |
|---|---|---|
| १.१. | अध्ययनको पृष्ठभूमि | १ |
| १.२. | समस्याको कथन | ६ |
| १.३. | अध्ययनको औचित्य | ८ |
| १.४. | अध्ययनको उद्देश्यहरु | ९ |
| १.५. | अनुसन्धात्मक प्रश्नहरु | ९ |
| १.६. | अध्ययनको परिसीमा | १० |

**परिच्छेद : दुई**

**सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको अवधारात्मक खाका**

| | | |
|---|---|---|
| २.१. | सम्वन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२. | अध्ययनको सैद्धान्तिक ढाँचा | १६ |
| २.३. | अनुसन्धानकालागि पुनरावलोकनको उपदेयता | २० |

## परिच्छेद तीन

## अध्ययनका विधि र प्रक्रिया


| | | |
|---|---|---|
| ३.१ . | अनुसन्धानात्मक ढाँचा | २२ |
| ३.२ | अध्ययनको जनसंख्या तथा नमुना छनोट विधि | २३ |
| | ३.२.१ अध्ययनको जनसंख्या | २३ |
| | ३.२.२ अध्ययनको नमुना छनोट | २३ |
| ३.३. | तथ्यांक संकलनका साधनहरु | २४ |
| | ३.३.१ प्रश्नावली | २४ |
| | ३.३.२ अवलोकन फारम | २५ |
| | ३.३.३ अन्तर्वार्ता | २५ |
| | ३.३.४ समूह छलफल | २६ |
| ३.४. | तथ्यांक स्रोतहरु | २६ |
| | ३.४.१ प्राथमिक श्रोत | २६ |
| | ३.४.२ द्वितीय श्रोत | २७ |
| ३.५. | तथ्यांक संकलन प्रक्रिया | २७ |
| ३.६. | तथ्यांक विश्लेषण प्रक्रिया | २८ |


## परिच्छेद : चार

## नतिजाको विश्लेषण


| | | |
|---|---|---|
| ४.१. | विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानी | २९ |
| | ४.१.१. बालविकास केन्द्रको विवरण | २९ |

४.१.२. बालविकास केन्द्रको आम्दानी खर्चको विवरण ३१

४.१.३. बालविकास केन्द्रमा अभिभावकको लगानी ३२

४.१.४.बालविकास केन्द्रमा गैर सरकारी संघ संस्थाको लागनी ३३

४.२. बालविकास केन्द्रमा गरिएको लगानीले पारेको प्रभाव ३४

४.२.१. भौतिक पक्ष ३४

४.२.२. शैक्षिक पक्ष ३५

४.२.३. सहयोगी कार्यकर्ता ३९

४.३. बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएको समस्याहरु ४०

४.३.१. व्यवस्थापन समिति ४०

४.३.२. भवन/कक्षा कोठा ४१

४.३.३. खेल मैदान ४१

४.३.४. शैक्षिक सामाग्री/खेल सामाग्री ४२

४.३.५. सहयोगी कार्यकर्ताको तालिम ४२

४.३.६. अभिभावकहरुको नियमित अनुगमन ४२

४.४. बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानको उपायहरु ४४

४.४.१. बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन ४४

४.४.२ भौतिक व्यवस्थापनमा जोड ४५

४.४.३. आम्दानीका वैकल्पिक श्रोतको खोजी ४५

४.४.४.बालविकास कार्यक्रम प्रति अभिभावकहरुको शिक्षा र चेतनामा अभिवृद्धि ४६

४.४.५. सहयोगी कार्यकर्ताको पेशागत दक्षता बढाएर ४६

४.४.६. बालविकास केन्द्रमा योजना निर्माण र कार्यान्वयन ४७

४.४.७. अनुगमन तथा निरीक्षण ४७

## परिच्छेद पाँच

## निष्कर्ष र सुझावहरु

५.१. निष्कर्ष ४९

५.२. सुझावहरु ५१

५.२.१ नीतिगत तह ५१

५.२.२ अभ्यास तह ५२

५.२.३. अनुसन्धान तह ५४

सन्दर्भ सूचीहरु

अनूसूचीहरु

# संक्षिप्त शब्द सूची

| | | |
|---|---|---|
| गा.वि.स. | - | गाउँ विकास समिति |
| न.पा. | - | नगरपालिका |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| जि.शि.अ. | - | जिल्ला शिक्षा अधिकारी |
| वि.नि. | - | विद्यालय निरीक्षक |
| उ.मा.वि. | - | उच्च माध्यमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| नि.मा.वि. | - | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.स. | - | शिक्षक अभिभावक संघ |
| प्र.अ. | - | प्रधानाध्यापक |
| स.का. | - | सहयोगी कार्यकर्ता |
| गै.स.स. | - | गैर सरकारी संघ |
| बा.वि.के | - | बाल विकास केन्द्र |

# परिच्छेद : एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

एउटा मजबुत र सुरक्षित घरको कल्पना त्यतिबेला गर्न सकिन्छ, जतिवेला त्यसको जग मजबुत र बलियो बनाइन्छ । त्यसरी नै एउटा सभ्य सुसंस्कृत एवम् सामाजिक प्रतिष्ठायुक्त मानिस त्यतिबेला तयार हुन्छ जतिबेला उसले जीवनको प्रारम्भिक दिनहरुमा आवश्यक एवम् उचित लालनपालन र अन्य न्यूनतम आवश्यकताको कमी महसुस नगरी हुर्कने वातावरण पाइरहेको हुन्छ । मानिसको जीवनका पूर्वार्द्धका दिनहरु व्यतित हुने आधारशिला तय भइरहेको हुन्छ । तसर्थ बालबालिकाको सर्वाङ्गिण विकासले नै मानिसको भावी जीवनको लक्ष्य निर्धारण गर्दछ भन्दा अत्युक्ति हुदैन । प्रारम्भिक बाल्यावस्थाको विकासको अर्थ जन्मदेखि ५ वर्षसम्मका बालबालिकाहरुको विकास भन्ने बुझिन्छ यस अवस्थाको विकास भित्र बालबालिकाको शारीरिक, मानसिक, समाजिक बौद्धिक, संज्ञानात्मक लगायतका सबै पक्षहरुका विकास पर्दछन् । प्रारम्भिक वाल्यवस्थाको विकासले बालबालिकाको भविष्यको जीवनको मार्ग निर्देशन गर्दछ । यस अवस्थामा बालवालिकाहरु पूर्णरुपमा घरपरिवार, समुदाय र विद्यालयमा निर्भर रहन्छन् । यस अवस्थाको वातावरणले बालबालिकामा चिन्तन तार्किक क्षमता, रहन सहन र बानी व्यवहारको निर्माण, जीवन पद्धति आदि सवै कुराको विकास गराउँछ । प्रारम्भिक बाल्यावस्था ज्याँदै महत्वपूर्ण, ज्यादै नाजुक र जीवनको आधार स्तम्भ हो । यसअवस्थाको विकासका लागि उपयुक्त शिक्षाको आवश्यकता पर्दछ । त्यसका लागि घर परिवार र समुदाय तथा विद्यालय ज्यादै सचेत र सक्रिय वन्नु पर्दछ । त्यसैले बाल विकास भन्नाले बालकको शारीरिक, बौद्धिक, सामाजिक, संवेगात्मक र सृजनात्मक पक्षको विकास भन्ने वुझिन्छ (शर्मा एण्ड शर्मा, २०६८) ।

बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिताका लागि बालविकास केन्द्रको अवधारणा आएको छ । बालिकाहरुको इच्छा र चाहना अनुसार बालविकास केन्द्रले कस्तो क्रियाकलाप सञ्चालन गर्नुपर्छ, उनीहरुको शारीरिक, बौद्धिक, मानसिक, संवेगात्मक एवम् सामाजिक विकास गर्न, भविष्य सुनिश्चित गर्न बाल मनोविज्ञान अनुसार मनोरञ्जनात्मक एवम् वैज्ञानिक ढंगले बालविकास कार्यक्रम सञ्चालन गरी राम्रो सकारात्मक प्रवृति र सृजनात्मक सीपको विकास गर्नमा प्रारम्भिक बालविकास केन्द्रले जोड दिइएको छ ।

मानवजातिको विकास बारेमा शिक्षाविदहरुले विभिन्न समयमा हरेक दृष्टिकोणले अध्ययन अनुसन्धान र विश्लेषण गर्दै आए अनुरुप विद्यालय उमेर समुह विभाजन रुचि, स्तर क्षमता र उमेर अनुसार वर्गिकरण गर्दै आएकोमा विद्यालयको पूर्व तयारी उमेर समेतलाई ध्यान दिइ ३-५ वर्ष उमेर समुहलाई शिशु कक्षा र पूर्व प्राथमिक वा बालविकास केन्द्र आदि नामले चिनाउने गरेको पाइन्छ । यसको शुरुवात विकसित राष्ट्रहरुमा व्यस्त नागरीकहरुले काममा जाने समयमा बाल स्याहार केन्द्रमा राख्नेवाट भएको पाइन्छ । जहाँ बच्चाहरुलाई आयाद्धारा रेखदेख गर्ने, खुवाउने, खेलाउने र सुताउने गरिन्थ्यो । पछि गएर त्यहीवाट स्याहार केन्द्रमा सिकाईका अवधारणाको विकास गरियो । ३-५ वर्षका बालवालिकाहरुको सर्वाङ्गिण विकासको साथ साथै विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्य अनुरुप बालविकास केन्द्रको स्थापना भएको हो (जि.शि.का., २०६२) ।

बालवालिकाहरु जन्मदा नै अन्तर्निहित क्षमताहरु लिएर जन्मिएका हुन्छन् । बालवालिकाका यस्ता अन्तरर्निहित क्षमताहरु फरक फरक मात्रामा हुने गर्दछन् । तापनि क्षमताहरुको प्रस्फुटन गराई विकासका चरणमा अघि बढाउनु पर्दछ । यसरीअघि बढाउने क्रममा शिक्षालाई प्रमुख माध्यम मानिन्छ किन भने शिक्षाको विशेषता र उद्देश्य नै बालवालिकाको अन्तर्निहित क्षमताको प्रस्फुटन गराउनु हो ।

अतः प्रारम्भिक वाल्यवस्थाको विकासको आधार बालवालिकाको स्याहार र बालवालिकाको शिक्षा हो । बालवालिकाको स्याहार र शिक्षा एउटै सिक्काका दुई पाटाहरु हुन । प्रारम्भिक वाल्यावस्था शिक्षा विभिन्न मुलुकहरुले विभिन्न नामहरुवाट सञ्चालन गरेको पाइन्छ ।

सामान्यतया प्रारम्भिक वाल्यावस्था शिक्षालाई पूर्व प्राथमिक शिक्षाका रुपमा बुझ्ने गरेको पाइन्छ । वास्तवमा पूर्व प्राथमिक शिक्षा भनेको प्राथमिक विद्यालय पूर्व दिइने शिक्षा हो । जुन १ वा २ वर्ष दिइने गरिन्छ । जन्मको अवस्थावाट सञ्चालन गरिने दिवा हेरचाह केन्द्रहरु समेत प्रारम्भिक वाल्यावस्था शिक्षाका कार्यक्रमहरु भित्र पर्दछन् । यस्ता शिक्षाहरुलाई आफ्ना-आफ्ना भाषा,सँस्कृति,संस्कार र प्रचलनहरु अनुसार नामाकरण गरिएको छ । ती निम्न हुन् : खेल समूह शिक्षा, नर्सरी शिक्षा, पूर्व प्राथमिक शिक्षा, बाल विद्यापीठ, गार्टन विद्यालय, शिशु शिक्षा सदन, किन्डर गार्टन स्कुल, बाल उद्यान, शिशु निकेतन, बाल सेवा सदन, बाल कुञ्ज, बाल मन्दिर, बाल विहार, दिवा सेवा केन्द्र आदि । यस प्रकार प्रारम्भिक वाल्यावस्था शिक्षालाई विभिन्न सेवा केन्द्रका नामवाट सञ्चालन गर्ने गरेको पाइन्छ । नेपालको सन्दर्भमा भन्नु पर्दा दिवा सेवा केन्द्र, बाल शिक्षा, शिशु कक्षा, बाल मन्दिर, बाल संसार, पूर्व प्राथमिक शिक्षा, किन्डर गार्टन स्कूल, नर्सरी शिक्षा, बाल स्याहार केन्द्र, बाल विकास शिक्षाका नामवाट प्रारम्भ बाल्यावस्था शिक्षा सञ्चालन गरेको पाइन्छ (शर्मा एण्ड शर्मा, २०६८) ।

अतः नेपालको सन्दर्भमा स्थापना भएका यस्ता स्याहार केन्द्रहरुमा बाल मन्दिरलाई सवैभन्दा पहिलो, औपचारिक रुपको र मान्यता प्राप्त रुपको मानिन्छ । त्यसैले बाल मन्दिरको स्थापनालाई नै नेपालको प्रारम्भिक वाल्यावस्थाको ऐतिहासिक सुरुवात मान्नु पर्दछ । यस पछि बालवालिकालाई शिक्षा दिने बहानामा विभिन्न तहका शैक्षिक संस्थाहरुको स्थापना र विकास हुदै गयो । जुन नेपालको प्रारम्भिक बाल्यावस्थाको ऐतिहासिक विकास हो ।

शिक्षा ऐन २०२८ को संशोधन २०६३ को दफा २ तथा शिक्षा नियमावली २०५९ को नियम ६७ अनुसार प्रारम्भिक बालविकास कार्यक्रम निर्देशिका २०६१ को दफा २ ले बालवालिकाहरुको सर्वाङ्गीण विकासको कार्य गर्ने ४ वर्ष मुनिका बालवालिकाहरुको लागि सेवा पुऱ्याउने वा ४ वर्ष मुनिका बालवालिकाका साथै ४ देखि ५ वर्ष उमेर समुहका बालवालिकालाई समेत पुऱ्याउने विकास केन्द्र र पूर्व प्रारम्भिक कक्षा सहितको समुदाय वा

विद्यालयमा आधारित भई संचालित संस्थाको एकिकृत संरचनालाई वाल विकास केन्द्र भनि परिभाषित गरिएको छ ।

सन् १९९० मा थाइलेण्डको जोमटिन र सन् २००० मा सेनगेलको डकारमा भएको “सबैको लागि शिक्षा” सम्वन्धी विश्व सम्मेलनले शिक्षाका अन्य पक्षहरुका साथ साथै प्रारम्भिक बाल्यावस्था स्याहार तथा शिक्षाका विस्तार र सुधार गर्ने लक्ष्य राखेका छन् । यो लक्ष्य प्राप्त गर्नका लागि सन् २००१ मा श्री ५ को सरकारले सवैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, २००१-२०१५ तयार गरी सन् २०१५ सम्ममा ३ देखि ५ वर्ष उमेरका बालवालिकाहरु मध्ये ८० प्रतिशत बालवालिकाहरुलाई सेवा पुऱ्याउन जम्मा ७४,०००।- प्रारम्भिक बालविकास केन्द्रहरुको स्थापना गर्ने लक्ष्य राखेको छ, (सेरिड, २०६१) ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना काल पश्चात् लगभग २०३७ सालको सेरोफेरोबाट नेपालमा निजी विद्यालयहरुको संस्थागत रुपमा विकसित हुने प्रयास गर्न थाले । २०४९ सालको राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले यसलाई विकसित हुने केही मौका दियो। फलस्वरुप नेपालमा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना शुरु भयो । यस परियोजनाले प्रारम्भिक बाल्यावस्थाका बालवालिकालाई स्याहार सुसार गर्ने अवसरहरु प्रदान गऱ्यो । २०५४ सालको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदनले पूर्व प्राथमिक विद्यालयहरुलाई विद्यालय शिक्षाको संरचना भित्र ल्यायो ।
यसले प्रारम्भिक वाल्यावस्था विकासलाई राष्ट्रिय स्तरवाट मान्यता प्रदान गरियो (शर्मा एण्ड शर्मा, २०६८) ।

यसै क्रममा वि.सं. २०५६ सालमा शिक्षा विभागको स्थापना पश्चात् पहिलो पटक शिक्षा ऐन र नियमावली प्रारम्भिक बालविकास कार्यक्रमलाई महत्वपूर्ण स्थान दिइयो । तदनुरुप शिक्षा नियमावली २०५९ले पूर्व प्राथमिक कक्षाको व्यवस्था गरियो । ३ देखि ५ वर्षसम्मका बालवालिकाको लागि समुदायमा आधारित शिक्षा शिशु केन्द्र सञ्चालनको प्रावधान राख्यो । यस्ता केन्द्रको अनुमति स्थानीय निकाय (गा.वि.स. र न.पा.) ले दिनु पर्ने प्रावधानलाई अघि सारेको थियो । यसैलाई आधार मानि समुदायमा आधारित बालविकास केन्द्रलाई सञ्चालनका लागि निरन्तरता दिइएको छ (शिक्षा विभाग, २०६६) ।

यस जिल्लाको राजनैतिक विभाजन अनुसार ५६ वटा गा.वि.स. २ वटा संसदीय निर्वाचन क्षेत्र रहेको छ। शैक्षिक प्रशासनको दृष्टिकोणले यस जिल्लालाई १४ वटा स्रोत केन्द्र, ४ वटा निरीक्षण क्षेत्र, सामुदायिक तर्फ २१४ वटा प्रा.वि., ४९ वटा नि.मा.वि., ४६ वटा मा.वि.,२३ वटा उ.मा.वि. साथै संस्थागत तर्फ १९ वटा प्रा.वि., ३ वटा नि.मा.वि. र २ वटा मा.वि.सञ्चाति छन्। वि.सं. २०७० अनुसार जिल्ला शिक्षा कार्यालय, ओखलढुङ्गाद्वारा सञ्चालित बालविकास केन्द्रहरु विद्यालयमा आधारित १७७ र सामुदायमा आधारित ९७ गरि कुल २७४ वटा बालविकास केन्द्र सञ्चालित छन्। २७४ वटा बालविकास केन्द्रमा जम्मा ३८५२ जना बालवालिका अध्ययनरत छन, जसमध्ये १९३१ जना छात्र र १९२१ जना छात्रा रहेका छन्। २७४ वटा बालविकास केन्द्रमा २७४ जना सहयोगी कार्यकर्ताले काम गरिरहेका छन् (जिल्ला प्रोफाइल, जि.शि.का., २०७०)।

सन् २००३ देखि २०१५ सम्मका निम्ति सवैको लागि शिक्षा कार्यक्रमको अनुमानित लागत सन् २००२ को स्थित मूल्य अनुसार रु. २९५.३ अर्व छ। यो लागत अनुमानमा साधारण र विकास बजेटका साथै समुदायवाट वेहोरिने खर्च पनि समावेश छ। सवैका लागि शिक्षा कार्यका लागि सञ्चालन गरिने प्रारम्भिक बाल विकास तथा निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा कृयाकलापमा अनुमानित विकास खर्चको ७० प्रतिशत भन्दा वढी लागत लाग्ने देखिन्छ। जस मध्ये प्रारम्भिक बाल विकास कार्यक्रममा क्रमशः दशौं योजनामा १५०११।१ (रु. दश लाखमा), एघारौं योजनामा २५५११.५ (रु. दश लाखमा) तथा वाऱ्हौं योजनामा २०४५७.२ (रु. दश लाखमा) बजेट विनियोजन गरिएको देखिन्छ (शर्मा एण्ड सिंह, २०६७)।

शिक्षा विभागले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको समन्वयमा बालविकास कार्यक्रम कार्यान्वयन गरिरहेको छ। यसका लागि विभागले साझेदार निकायहरुसँग आर्थिक सहयोगका लागि सम्झौता गरेको छ। विभागले बालविकास केन्द्रहरुका लागि वार्षिक एकमुष्ट रकम अनुदानको रुपमा प्रदान गर्छ। विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्रका लागि अमेरिकी डलर ६२.८७ मिलियन विनियोजन गरिएको छ। तर थप आवश्यक पर्ने स्रोतलाई दृष्टिगत गर्दा यस्तो खर्च स्थानीय सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, स्वयंसेवी समूह, नागरीक समाज तथा सामुदायिक संगठन तथा अभिभावकहरुवाट परिचालन गरिनेछ (विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२)।

देशभरीमा विद्यालयमा आधारित सञ्चालन भएका बालविकास केन्द्रहरुलाई नियाल्ने हो भने कैयौ जिल्लाहरु अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोगमा, सरकारी तथा सामुदायिक विद्यालयको सहयोगमा र संस्थागत विद्यालयहरु समेतमा गरी आ-आफ्नै ढंगले बालविकास केन्द्रहरु सञ्चालन भएको देखिन्छन् । विद्यालयमा आधारित बालविकास केन्द्रमा बालवालिकाबाट कुनै किसिमको शुल्क उठाउँदैन तर संस्थागत विद्यालयमा आफ्नै किसिमले शुल्क लिने गर्दछ । यसरी शुल्क लगायत बालविकास कार्यक्रम निर्देशिका अनुसार एकरुपता देखिदैन । विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बाल शिक्षा र विकास कार्यक्रम समेत रहेको अवस्थामा त्यस अनुसार बालविकास केन्द्रहरुले आर्थिक सहयोग वार्षिक रुपमा एकमुष्ट पाउँछ । जसवाट बालविकास केन्द्रहरुले अपेक्षित लक्ष्य हासिल गर्न सकेको छैन । तसर्थ बालविकास केन्द्रमा समग्र पक्षको विकासमा उचित आर्थिक लगानीको आवश्यकता देखिन्छ ।

## १.२. समस्याको कथन

बालबालिकाको मौलिक र जन्म सिद्ध अधिरकारहरु भित्र शिक्षा पनि पर्दछ । सवै वालवालिकाले शिक्षा प्राप्त गर्नु पर्दछ भन्ने अवधारणालाई थाइल्याण्डको जम्टियनमा सन् १९९० मा भएको विश्व सम्मेलनले पारित गरेको नारालाई “सबैको लागि शिक्षा” भनिन्छ । सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (सन् २००१-२०१५) मा उल्लेखित प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रममा लक्ष्यहरुले नै विद्यालय क्षेत्र सुधार योजनामा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रमको कार्यान्वयनका लागि आधार प्रदान गरेका छन् । हाल समुदायमा आधारित तथा विद्यालयमा आधारित गरी मुलक भर २९,८३६ बाल विकास केन्द्र सञ्चालित छन् (फ्ल्यास रिपोर्ट, २०७०) ।  नेपालका वर्तमान शैक्षिक तथ्यांकलाई हेर्दा पूर्व प्राथमिक बालविकास कार्यक्रमको अनुभवन प्राप्त गर्नेहरुको दर १०.०९ प्रतिशत रहेको देखिन्छ । यसवाट नेपालमा भ्रण्डै ८९.०१ प्रतिशत बालवालिकाहरु प्रारम्भिक बालविकास कार्यक्रमको अवसरवाट वञ्चित हुन गएको देखिन्छ । नेपालको नवौं पञ्च वर्षिय योजनाले १०,००० र दशौं पञ्चवर्षिय योजनाले १३,००० बालविकास केन्द्रहरु सञ्चालन गर्ने लक्ष्य रहेकोमा हाल ७,००० मात्र प्राथमिक बालविकास केन्द्रहरु समुदायमा र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरु मार्फत २,००० बालविकास केन्द्रहरु सञ्चालनमा छन् भने

५,००० पूर्व प्राथमिक कक्षाहरु निजी तथा आवासिय विद्यालयहरु भित्र सञ्चालनमा छन् ( शिक्षा विभाग, २०६१) ।

यसरी लक्ष्य अनुसार बालविकास केन्द्रहरु सञ्चालन गर्न नसकेकाले यसको प्रमुख समस्या हो आर्थिक लगानी । जुनसुकै कार्यका लागि आवश्यक पर्ने श्रोत, साधन विभिन्न क्षेत्रवाट संकलन गरिन्छ । राष्ट्रले कुल बजेटको कति प्रतिशत शिक्षा क्षेत्रको लागि छुट्टयाएको छ ? शुल्क कति लिने गरेको छ ? निजी क्षेत्रको सहभागिता कस्तो छ ? स्थानीय समुदायवाट कति सहयोग कसरी प्राप्त भएको छ ? आदि बारेमा योजना हुनु पर्दछ । किन, कसरी, कति मात्रामा बजेट विनियोजन भएको छ ? शिक्षा क्षेत्रको कुल बजेट मध्येवाट एउटा खास शिक्षण संस्थालाई कति प्रतिशत पर्न आउँछ ? त्यसका आधारमा योजना गरिनु पर्दछ ( काफ्ले बासुदेव एवं अन्य, २०६६) ।

यस शोधपत्रले सामुदायिक विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानीको वर्तमान अवस्था, लगानीले व्यवस्थापनमा पारेका प्रभाव, लगानीमा देखिएका समस्या र समस्याको समाधानका उपाय यो शोधपत्रमा अध्ययन गर्न खोजिएको छ ।

### १.३. अध्ययनको औचित्य

बालविकास केन्द्र भन्नाले प्राथमिक तहमा भर्ना हुनका लागि निर्धारित वर्ष पूरा भई नसकेका बालवालिकाहरुको तीब्र रुपमा शारीरिक वृद्धि, तीब्र मानसिक विकास, सामाजिक, बौद्धिक तथा संवेगात्मक विकासका लागि सञ्चालन गरिने कार्यक्रम वुझिन्छ । तसर्थ उक्त भनाई अनुसारको उद्देश्य पुरा गर्न सक्ने बालविकास केन्द्रहरुमा अध्ययन गर्ने प्रति बाल बालिकाहरुमा आर्थिक लगानीको अवस्था कस्तो छ ? यसलाई दीर्घकालिन रुपमा सञ्चालन गर्न कस्ता उपाहरु अपनाउनु पर्ने ? जस्ता प्रश्नहरुको वर्तमान स्थिति पत्ता लगाई सुझाव पेश गर्नुपर्ने भएवाट नै यस अध्ययनको औचित्य महसुस गरिएको छ । जुनसुकै देशको शैक्षिक अवस्था त्यस देशको शिक्षामा गरेको लगानीलाई राष्ट्रको शिक्षा प्रतिको आर्थिक दायित्व भनिन्छ । जुनसुकै मुलुकले आफ्नो आवश्यकता अनुसार मानव संशाधनको विकासका लागि शिक्षामा लगानी गर्ने गर्दछन् । नेपालमा राज्यबाट शिक्षाको आर्थिक दायित्व बहन गरे तापनि शिक्षाको स्थिति सन्तोषजनक देखिदैन । लगभग १६% को हाराहारीमा शैक्षिक क्षेत्रमा बजेट विनियोजन गरिए तापनि शिक्षाको बढ्दो माग पुरा गर्न सरकारी खर्च

अपुग बन्दै गएको छ । सम्भाव्यताको अध्ययन विना नै जनसंख्या अनुसार कति शिक्षण संस्थालाई समेटेर समग्र शैक्षिक बजेटमा सहभागी बनाउँदै जाने भन्ने खालको अध्ययन अनुसन्धान विना नै शिक्षण संस्थाहरु खोलिदै गए । यसैको परिणाम स्वरुप सकारात्मक रुपमा खुलेको शिक्षण संस्था खर्चविहीन अवस्थामा पुगेका छन् । यसरी दिन प्रतिदिन शिक्षामा जनसहभागिताको मन्दता, साधनश्रोतको समुचित उपभोगको अभाव, फितलो अनुगमन प्रणाली जस्ता कारणले समग्र शैक्षिक बजेट गए तापनि धेरै जसो शिक्षण संस्थाहरु साधनश्रोतको अभावमा सञ्चालनमा रहेको देखिन्छ (काफ्ले, बासुदेव अन्य, २०६६) ।

नेपालमा वर्तमान परिपेक्ष्यमा बालविकास कार्यक्रम अन्तर्गत समुदायद्वारा, सामुदायिक विद्यालयद्वारा, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुद्वारा आ-आफ्नै तरिकाबाट बालविकास केन्द्रहरु सञ्चालित छन् यस्ता केन्द्रहरुमा समुदायको सक्रिय सहभागिता नदेखिएको र सरकारद्वारा गरिएको लगानी तथा कार्यान्वयन पक्ष समेत प्रभावकारी हुन नसकेको पाइन्छ । जसले गर्दा त्यस्ता बालकिास केन्द्रहरु दीर्घकालिन रुपमा सञ्चालन हुने निश्चित आधारहरु देखिदैन ।

अतः बालविकास केन्द्रहरुलाई समुदायको सक्रिय सहभागितामा प्रभावाकारी कार्यान्वयन एवम् दीर्घकालिन रुपमा सञ्चालन गर्ने सन्दर्भमा आर्थिक लगानीको वर्तमान अवस्था अध्ययन विश्लेषण गरी सम्वन्धित सरोकारवालाहरु जिम्मेवार निकायहरु, सरकारी पक्ष तथा नीति निर्माताहरुलाई समेत उपयुक्त सुझाव पेश गर्नुपर्ने आवश्यकताको महसुस गरी यस अध्ययनको  औचित्यलाई पुष्टि गर्न सकिन्छ ।

## १.४. अध्ययनको उद्देश्यहरु

कुनै पनि कार्यको निश्चित उद्देश्य हुन्छ । अध्ययन अनुसन्धान कार्यमा बान्छित उद्देश्यको सहयोगले निश्चित लक्ष्यमा पुग्न तथा अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ । यस शोध कार्यको निम्नानुसार उद्देश्य रहेको छ ।

क)  बालविकास केन्द्रमा गरिएको लगानीको वर्तमान अवस्था पत्ता लगाउने ।

ख)  बालविकास केन्द्रमा गरेको लगानीले पारेको प्रभावको लेखाजोखा गर्ने ।

ग)  बाल विकास केन्द्रमा गरिएको लगानीमा देखा परेका समस्याहरु पहिचान गर्ने ।

घ)	बालविकास केन्द्रमा गरिएको लगानीमा देखा परेका समस्या समाधानको उपाय खोजी गर्ने ।

## १.५. अनुसन्धात्मक प्रश्नहरु

यो अध्ययनको लागि निम्न अनुसन्धात्मक प्रश्नहरुलाई अगाडि वढाइएको छ ।

क)	विद्यालयमा आधारित बालविकास केन्द्रमा अध्ययन गरिएको लगानीको अवस्था कस्तो छ ?

ख)	बालविकास केन्द्रमा गरेको लगानीले व्यवस्थापनमा पारेका प्रभावहरु के के हुन ?

ग)	बालविकास केन्द्रमा गरिएको लगानीमा के कस्ता समस्याहरु छन् ?

घ)	बालविकास केन्द्रमा गरिएको लगानीमा देखा परेका समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६. अध्ययनको परिसीमा

शोधकर्ताले समय, साधन, स्रोतको कारणले ठूलो जनसंख्यालाई आधार लिएर अध्ययन गर्न असमर्थ छ । शैक्षिक अनुसन्धानको क्षेत्र ज्यादै फराकिलो भएको हुँदा एउटा अनुसन्धान कर्ताले सवै क्षेत्रमा अध्ययन गर्न सकिदैन । त्यसैले यस शोध अध्ययन ओखलढुङ्गा जिल्लाको सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरुमा गरिएको लगानी अध्ययनमा केन्द्रित हुनेछ । उपलब्ध स्रोत, साधन, समय सीमा, मौजुदा अवस्था र परिस्थितिको समेत विचार गर्दा जिल्लाका सम्पूर्ण बालविकास केन्द्रहरुलाई समेट्न नसकिएको हुँदा यस जिल्लाको सिस्नेरी स्रोतकेन्द्रका दुई गा.वि.स.सिस्नेरी र बलखु गा.वि.स.अन्तर्गत १ उच्च मा.वि., १ मा.वि., १ नि.मा.वि. र १ प्रा.वि. तथा प्रबुद्ध उ.मा.वि.च्यानाम स्रोतकेन्द्रका तीन गा.वि.स.च्यानाम, मुलखर्क र कटुन्जे गा.वि.स.अन्तर्गत १ उच्च मा.वि., १ मा.वि. र २ प्रा.वि. मा सञ्चालित बालविकास केन्द्रमा अध्ययन केन्द्रित रहेको छ ।

## परिच्छेद : दुई

# सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको अवधारात्मक खाका

यस परिच्छेदमा सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको अवधारात्मक खाकाको अध्ययन गरिएको छ ।

### २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

सामुदायिक विद्यालय तथा विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानी विषयमा लेखिएको शोधपत्रसँग मिल्ने सामग्री उपलब्ध नभएपनि सम्वन्धित र अन्य लेख, पाठ्य तथा शोध पत्रहरुको अध्ययन गरिएको छ । जसवाट शोधपत्र तयार पार्न ठूलो सहयोग समेत मिलेको छ । यस शिर्षकमा तिनै सामाग्रीहरुको संक्षिप्त रुपमा परिचय दिन खोजिएको छ । सम्वन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा निम्नानुसारका सामाग्रीहरुको पुनरावलोकन गरिएको छ ।

उपाध्याय (२०५९) का अनुसार आर्थिक विकासका दृष्टिकोणले शिक्षाको विस्तार अपरिहार्य छ । शिक्षा सामाजिक पूर्वाधार निर्माण गर्ने प्रमुख साधन हो । त्यसैले शिक्षा क्षेत्रमा सरकारी लगानी शुरु भए तापनि राष्ट्रिय शिक्षा पद्धतिको योजना वि.सं. २०२८ मा शुरु भएपछि यसको प्रकृया व्यवस्थित हुनथाल्यो । तर पछि त्यसमा शिलता आयो ।

यसैगरी ढुंगाना (२०५९) का अनुसार नेपालमा शैक्षिक व्यवस्थापन तथा द्रुतगामी शैक्षिक विकास राष्ट्रिय पद्धतिको योजनाका दुई महत्वपूर्ण अङ्ग हुन । यी दुवै पक्षलाई क्रमिक रुपमा विकसित गर्न सोही अनुपातमा खर्चमा वृद्धि हुनुपर्ने कुरा पनि आवश्यक देखिन्छ । सरकारी क्षेत्रवाट शिक्षाको लगानीमा क्रमशः वृद्धि गर्दै जानु पर्दछ । सरकारले शिक्षामा लगानीको लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्नुपर्छ ।

यसै प्रसङ्गमा श्रेष्ठ (२०५९) का अनुसार शिक्षा क्षेत्रमा वैदेशिक सहयोगको आफ्नै किसिमको भूमिका भए तापनि त्यस्ता सहयोगलाई केन्द्रियस्तरवाट मात्र लक्ष्य प्राप्तिका लागि सफल

प्रयोग नहुन सक्दछ । वैदेशिक सहयोगले परियोजनाको शुरुवात भएपनि लक्ष्य प्राप्तिसम्म पुग्न नसकेकोले वैदेशिक लगानीलाई स्थानीय स्तरवाट प्रयोग गर्दा वढी प्रतिफल दिन्छ ।

यस सम्वन्धमा सेरिड (२०६०) का अनुसार कैलाली, जुम्ला र इलामवाट क्रमशः ४,३८९ वटा समुदायमा आधारित बालविकास केन्द्रहरु र त्यतिकै संख्यामा प्राथमिक विद्यालयहरु समेत छानी गरिएको अनुसन्धानमा, समुदायमा आधारित वालविकास केन्द्रहरुको हाल व्यवस्थापनमा समुदायको संलग्नता अत्यन्त कम देखिनुका साथै बालवकास केन्द्रका व्यवस्थापन समितिहरु इलाम र कैलालीका बालविकास केन्द्र वाहेक अधिकांश निष्कृय रहेको देखाइएको छ । विभिन्न बालविकास केन्द्रहरुमा सहजकर्ताहरु आ-आफ्नो किसिमले नियुक्त गर्ने तर उनीहरुको कार्यमा भने त्यसले कुनै अन्तर ल्याएको छैन । समुदायमा आधारित बालविकासका आफ्नो जग्गा, भवन, खेलमैदान र नियमित आम्दानीका श्रोतहरु नरहेको देखिन्छ । स्थानीय समुदायको वढी सक्रियताको साथै जिल्लामा एउटा बालविकास वोर्डको व्यवस्था हुनुपर्ने सुझाव दिइएको देखिन्छ ।

उल्लेखित अध्ययन अनुसन्धानवाट स्थानीय समुदायको सहभागितालाई विशेष जोड दिइएको छ । बालविकास केन्द्रहरुको लागि भौतिक, आर्थिक तथा शैक्षिक विकासका लागि व्यवस्थापन समितिको गठन प्रकृया प्रारम्भिक बालविकास सञ्चालन सम्वन्धि निर्देशिका (२०६१) ले गरेको व्यवस्था अनुसार व्यवस्थापन समितिका पदाधिकारीहरुको छनौाछ गर्न पाउन व्यवस्था भए पश्चात आजका दिनमा बालविकास केन्द्र प्रति व्यक्तिहरु निष्क्रिय रहेको ठहर गरेको छ । साथै बालविकास केन्द्रहरुमा आर्थिक लगानी न्यून रहेकोले बालविकास केन्द्रको शैक्षिक अवस्था दिनानुदिन खसकिदै गइरहेको छ भने अनुसन्धानले निष्कर्ष निकालिएको छ ।

कुंवर (२०६२) का अनुसार नेपाल सरकारले वित्तीय लगानी सम्वन्धी नीति दुर्गामी छैन । शिक्षा क्षेत्रमा छुट्टयाइएको बजेट अन्य क्षेत्रको भन्दा प्राथमिकताको क्रममा पछाडि परेको पाइन्छ । विद्यालयको आय सवैजसो शिक्षक तलव भत्तामा नै खर्च हुने, भौतिक निर्माण र अन्य प्रशासनिक कार्यमा निकै कम रहेको छ । विद्यालयको आर्थिक अवस्था ज्यादै कमजोर भएको कारणले शिक्षाको गुणस्तर वृद्धि हुन सकिरहेको छैन । निजी संस्थागत विद्यालयहरुमा आन्तरिक कुशलता र वाह्य प्रभावकारीता कमी रहेको पाइन्छ ।

शैक्षिक लगानी बढाउनु जरुरी देखिन्छ । तवल भत्ता वाहेक भौतिक निर्माणको लागि पनि बजेट छुट्याउनु पर्ने आवश्यक देखिन्छ । शिक्षाको गुणस्तर वृद्धि गर्नुपर्छ । निजी संस्थागत विद्यालयहरुको आन्तरिक कुशलता र वाह्य प्रावकारीता वढाउनु पर्छ । यसरी यी दुवै वीच अनुनाश्रित सम्वन्ध छ ।

खनाल (२०६२) का अनुसार शिक्षा प्राप्त गरेपछि सामाजिक लाभ र व्यक्तिगत लाभ दुवै समानुपातिक रुपमा प्राप्त हुन्छ वा घटवढ हुन्छ । युग प्रतिसपर्धी र उपभोगतामुखी भएकोले उपभोक्ताले वस्तु उपभोग गरेपछि उचित मूल्य चुकाउनु पर्दछ । अर्थात शिक्षामा निजी लगानी हुनु पर्दछ । शिक्षाले सामाजिक लाभ पनि दिने हुनाले नागरिकको उत्पादकत्व बढाउन राज्यले शिक्षामा लगानी गर्नु पर्दछ । अतः शिक्षा खर्चलाई राज्यको दायरा भित्र समेट्नु पर्दछ ।

शिक्षामा निजी लगानीको अभाव रहेको छ । शिक्षामा न्यून बजेट छुट्याइन्छ, जुन समय अनुकूल रहेको छैन । शिक्षा राज्य प्रदत्त हुनु पर्दछ । शिक्षाले सवैको पहुँच पुऱ्याउन जरुरी छ ।

हाडा (२०६२) का अनुसार शिक्षा लगानी र उत्पादन दुवै हो । शिक्षा एउटा प्रकृया हो जसको माध्यमले व्यक्ति जटिल सामाजिक स्वरुप वा संरचना सित समायोजन हुनसक्छ । शिक्षाले सवैलाई आफ्नो दायित्व निर्वाह गर्न सिकाउँछ । आजको युगमा बालवालिकाहरुलाई समाजको एउटा समूह वा संस्थाको सदस्यको रुपमा लिनु हुँदैन । परिवार, शिक्षा, सरकार, व्यापार, उद्योग, खेलकुद, साहित्व र कला आदि क्षेत्रमा चाहेको विषयमा उनीहरुले आफुलाई स्थापित गर्न सक्ने हुनु पर्दछ ।

काफ्ले (२०६२) का अनुसार गुणात्मक शिक्षा आजको सवै भन्दा ठूलो माग हो । व्यक्तिको सन्तुष्टि, सामाजिक उन्न्यन, शैक्षिक प्रणालीको प्रभावको प्रभावकारीता र सिकाईको उपलब्धि स्तरलाई एकै साथ राखेर शिक्षामा गुणात्मकताको स्थापना ग्रहण गर्न सकिन्छ ।

सिकाईको संसारवाट काम संसारमा स्थापित हुन गुणात्मक शिक्षाको ठूलो पहिचान हो । वर्तमान सन्दर्भमा सामाजिक समावेशीकता, लक्षित वर्गमा लाभको प्रत्याभूति, विद्यालय बसाईमा स्थिरता र दिगोपना न्यूनतम शैक्षिक क्षति, लैङ्गिक मैत्री र सिमानतः परिवार मैत्री शैक्षिक प्रावधान, श्रोतको न्यायीक वाँडफाँड र उपयोग पाठ्यक्रममा जीवन सीपहरुको पर्याप्त प्रावधान र अपेक्षित उपलब्धि र प्राप्त सफलता वीचको निकटतम सम्वन्ध आदि महत्वपूर्ण विषयहरुलाई नै गुणात्मक शिक्षाका महत्वपूर्ण अवयवका रुपमा मानिन्छ ।

गुणस्तरीय शिक्षा आजको आवश्यकता हो । शिक्षामा उचित व्यवस्थापनको कमि रहेको छ । लैङ्गिक विभेदका कारण महिलाहरुको शिक्षामा कम सहभागिता छ । अल्पसंख्यक व्यक्तिहरुका बालवालिकाहरुको लागि पनि मातृभाषामा प्राथमिक शिक्षा लागु गर्नुपर्छ । शिक्षामा समानता र समता ल्याउनु पर्छ । तसर्थ यी दुवै बीच अनुनाश्रित सम्बन्ध छ ।

सिन्हा (२०६२) का अनुसार शिक्षा दान होइन अधिकार हो । महिला होस् वा पुरुष होस्.शिक्षा पाउनु नैसर्गिक अधिकार हो । सुविधा विहीन र सेवा विहीन अल्पसंख्यक व्यक्तिहरुलाई राष्ट्रिय मूलधारमा समाहित गर्नुपर्दछ । शिक्षाको अवसरवाट वञ्चित सवैलाई शैक्षिक मूल प्रवाहिकरणमा ल्याउनका लागि विभिन्न शैक्षिक कार्यक्रमहरु सञ्चालन भएता पनि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा वित्तीय पहुँच, गुणस्तर, भाषा, संस्कृति आदि सम्वन्धी समस्याहरु, मुद्दाहरु इत्यादि विद्यमान रहेका छन् । शैक्षिक मूल प्रवाहिकरणका लागि सामाजिक न्याय, समाहीकरण तथा शैक्षिक न्याय जस्ता विषयहरु सम्वैधानिक एवम् कानूनी दस्तावेजमा मात्र सीमित नराखी यसलाई व्यवहारमा चरितार्थ गर्नु अपरिहार्य छ ।

भट्ट (२०६७) का अनुसार शिक्षामा हुने सरकारी लगानी शिक्षाको गुणस्तर र पहुँचको सुनिश्चितताका लागि हुनुपर्दछ । शिक्षा क्षेत्रमा हुने लगानी पूर्ण रुपमा पिछडिएको तथा कमजोर वर्गमा केन्द्रित गरी शैक्षिक न्याय प्रदान गरिने तर्फ ध्यान केन्द्रित गर्दे लागत साझेदारी, लागत आपूर्ति सिद्धान्तलाई वढी जोड दिँदै अन्य क्षेत्रको आकर्षण हुन नसक्ने दुर्गम तथा पिछडिएको क्षेत्रमा सरकारले लगानी बढाउनु पर्दछ । सम्भ्रान्त वर्गले आफैं लगानी गर्न सक्ने हुँदा कमजोर वर्गको पक्षपात रहित पहुँच कायम गरी मुलुकवाट गरीवी तथा पछौटेपनको अन्त्य गर्न शिक्षामा सरकारी बजेटको कम्तीमा २० प्रतिशत लगानी

पुऱ्याई यसको ठूलो अंश आधारभूत तहको शिक्षामा लगाउनुपर्ने देखिन्छ । स्थानीय निकायको सक्षमता विकास गरी उनीहरुको आवश्यकता पहिचान गरी मागका आधारमा लगानी गर्ने नीति अवलम्वन गर्नुपर्छ । स्थानीय निकायको भूमिका प्रभावकारी बनाएमा गुणस्तरीय शिक्षा सम्भव हुन्छ ।

केइराला (२०६७) का अनुसार नेपालमा शिक्षा क्षेत्रमा लगानी वर्षेनी बढाउदै लगिएको छ तर प्रतिफल उल्लेखनीय रुपमा वृद्धि भएको छैन । गुणस्तरीय शिक्षा पाउन नसक्नु अहिलेको समस्या हो । शिक्षामा लगानी हेर्दा निजी विद्यालयमा सरकारी लगानी नगन्य छ भने सामुदायिक विद्यालयमा अरबौंको लगानी सरकारले गरेको छ तर त्यहाँवाट उत्पादित जनशक्तिको गुणस्तरमा उल्लेखनीय सुधार देखिएको छैन । एकातिर नीतिगत निरन्तरताको अभाव छ भने गुणस्तरीय शिक्षामा जोड दिने गरी नीति नबन्नु अर्को समस्या छ । वास्तवमा हालसम्मको प्रकृतिलाई हेर्दा शिक्षालाई सरकारले प्राथमिकतामा पारेको देखिदैन भने स्पष्ट नीतिको अभावमा विद्यालयहरु अन्यौलग्रस्त छन् । अहिले शिक्षा मन्त्रालयको माग कम्तिमा राष्ट्रिय बजेटको २० प्रतिशत रकम छ तर सरकारले करीव १७ प्रतिशत बजेट छुटयाएको देखिन्छ । शिक्षाको गुणस्तर कायम राख्न तालिम प्राप्त गुणस्तरीय शिक्षक आवश्यक छ ।

उपरोक्त अध्ययन अनुसन्धानले के ठहर गरेको छ भने हरेक कार्यको जुनसुकै पक्षमा सफलता प्राप्तिका लागि निश्चित प्रणालीमा वाँधिएर गरिएको आर्थिक लगानीले दक्ष जनशक्ति उत्पादनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले विना आर्थिक प्रबन्ध कुनै पनि कार्यलाई सफल बनाउन सकिदैन । आर्थिक स्रोत साधन र त्यसको उचित निर्णय एवम् कार्यमा माध्यमवाट गरिएको प्रभावकारी परिचालन बेगर कुनै पनि कार्यमा अपेक्षित लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिदैन भन्ने निष्कर्षमा प्रस्तुत गरिएको छ ।

## २.२. अध्ययनको सैद्धान्तिक ढाँचा

शिक्षामा गरिने लगानी एउटा पद्धति हो । यो समय, स्वरुप, स्थान, विशेषमा फरक फरक हुन सक्छ । सामान्य अर्थमा शिक्षा खर्चको चाँजोपाँजो मिलाउने र समुचित वाँडफाँड गर्न नियमित प्रकृयालाई शैक्षिक लगानी भन्न सकिन्छ । शिक्षालाई लगानी र उपभोगको रुपमा लिन सकिन्छ । शिक्षामा लगानीको स्वरुपलाई लगानीको आपूर्ति पक्ष र लगानीको माँग पक्ष

गरी अलग अलग दृष्टिकोणवाट हेर्न सकिन्छ । लगानी र माँग सम्वन्धि विवेचना गर्दा "जोहन्स र मोरफेट (सन् १९७५) का सिद्धान्त" तथा वेल्स (Welsh) र एमसीजीन (MCGIN) सन् १९९० का सिद्धान्तहरु उल्लेखनीय छन् । यहँ यिनीहरुकै सिद्धान्तहरुलाई चर्चा गर्न उपयुक्त देखिन्छ (काफ्ले, वासुदेव अन्य, २०६६) ।

जेन्स र मोरफेटका अनुसार शिक्षाको लगानीलाई भावी सन्तुष्टि दिने साधनका रुपमा लिइन्छ । यो नियमित चलिरहन्छ । नयाँ-नयाँ ज्ञान र सीपको विकास मार्ग लगानीको यन्त्र पनि परिवर्तन हुँदै जान्छ । यसै परिप्रक्ष्यमा शैक्षिक लगानीका वैकल्पिक उपायहरुको खोजी हुन थाले फलस्वरुप शैक्षिक लगानीका केही नयाँ अवधारणाहरु विकसित भए । जस्तै : लगानीको सामाजिक माँग सम्वन्धी दृष्टिकोण, लगानीको मानवश्रोत पहिचान एवम् विकास सम्वन्धी दृष्टिकोण, लगानीको प्रतिफल दर सम्वन्धी दृष्टिकोण, शिक्षाको सार्वजनिक खर्चलाई समाजिक कल्याण र समाजिक मागका आधारमा लगानीको चाँजोपाँजो मिलाउने पद्धतिलाई लगानीको सामाजिक माँग सम्वन्धी दृष्टिकोण भनिन्छ । उदाहरणका लागि उच्च शिक्षा भन्दा प्राथमिक शिक्षाको सामाजिक माग वढी हुने हुनाले सार्वजनिक श्रोतको सिद्धान्त अधिकांश हिस्सा प्राथमिक तहको शिक्षामा खर्चिएको हुन्छ । शिक्षाको आर्थिक विशेषता अन्तर्गत शिक्षालाई लगानी र उपभोगको रुपमा लिइन्छ । शिक्षाले सामाजिक मूल्य र मान्यतालाई एक पुस्तावाट अर्को पुस्तामा हस्तान्तरण गर्ने कामलाई यसको सामाजिक कार्यका रुपमा लिइन्छ भने व्यक्तिलाई आफ्नो आवश्यकता अनुकूल समायोजन हुन भावी सन्तुष्टि लिन सकिन्छ । विशेष गरी मानवीय पूँजी निर्माणमा प्रयोग हुने अनुमानित आधारहरु मध्ये शिक्षाको संस्थागत संरचना एवम् देशको आर्थिक एवम् सामाजिक विकासको गतिलाई लिन सकिन्छ । अर्थशास्त्रीय भाषामा लगानी र प्रतिफललाई वित्तीय नीतिको केन्द्र विन्दु मानिन्छ । यसमा लगानी अनुसार प्रतिफलको आशा गरिन्छ । यसलाई लागत लाभको सिद्धान्त भनिन्छ । यस पद्धतिमा शैक्षिक लगानीलाई कुनै एक पक्षमा भन्दा शिक्षाका सवै तह तथा स्तरमा समानुपातिक ढङ्गले लगानी गर्दा वढी उपभोगिता प्राप्त गर्न सकिन्छ भन्ने मान्यता शिक्षावाट प्रदान हुने व्यक्तिगत लाभ र सामाजिक कामको चर्को वहसलाई निम्त्याउन सकेको देखिदैन । संसारमै सार्वजनिक शिक्षामा आवश्यक साधन श्रोतमा सहुलियत प्रदान गर्ने राज्यको नीति वनेको हुन्छ यही नीति अन्तर्गत प्राथमिक तथा

पूर्व प्राथमिक तहवाट अत्याधिक लाभ प्राप्त गर्न सकिने हुनाले अधिकांश मुलुकमा प्राथमिक तहको शिक्षालाई निःशुल्क र अनिवार्य गरिएको पाइन्छ (काफ्ले, बासुदेव एवं अन्य, २०६६) ।

Welsh र MCGIN का अनुसार शिक्षाले अवसरहरुको सिर्जना गरिदिन्छ, त्यो अवसर नै मानव संशाधनका रुपमा प्रयोग हुन्छ । त्यसैले नै अर्थशास्त्रमा मानव संशाधनमा गरिएको लगानी श्रम बजारमा श्रमिकहरुको उत्पादकत्व बढाउँछ । श्रमिकको उत्पादकत्व बढेपछि ज्यालाको दर स्वतः बढ्छ । यसरी शिक्षाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दछ । यी र यस्तै तथ्यहरुलाई विश्लेषण गर्दा शिक्षामा लगानी राज्यको दायित्व भित्र हुनुपर्दछ । यी र यस्तै तथ्यहरुलाई विश्लेषण गर्दा शिक्षामा लगानी राज्यको दायित्व भित्र हुनुपर्दछ । जसले शिक्षा लिने हो उसले नै शिक्षा खर्चको मूल्य चुकाउनु पर्दछ भन्नेहरुको मत प्रतिस्पर्धी समाजका लागि बलियो देखिन्छ ।

शिक्षावाट फाइदा लिनेहरु मध्ये एउटा फाइदा हो शिक्षार्थी र तिनीहरुको अभिभावकले शिक्षावाट प्राप्त ज्ञानको प्रयोग गर्दछन् र प्राप्त प्रमाणपत्रको प्रयोग गरी भावी जीवनको सुखद् अवसर प्राप्त गर्दछन । सिद्धान्ततः शिक्षामा लगानीको स्वरुपलाई दुई पृथक ढंगवाट वुभ्न सकिन्छ । जस्तै : लगानीको आपूर्ति पक्ष र लगानीको माग पक्ष । लगानीको आपूर्ति पक्षमा शैक्षिक खर्चको चाँजोपाँजो सरकारले मिलाउँदछ । उदाहरणका लागि शिक्षालयको भौतिक व्यवस्था, शिक्षकको पारिश्रमिक, प्रशासनिक खर्च, मसलन्द खर्च, सरकारी कोषवाट वेहोरिने गरिन्छ । यस प्रकारले हुने लगानीको पद्धतिमा आवश्यकताको पहिचान र लाभग्राहीको माग पक्षलाई त्यति ध्यान दिइदैन किनकी राज्यको नीति एवं दायित्व अुनसार शैक्षिक लगानीमा विस्तार गरिन्छ । यस पद्धतिले शैक्षिक उपलब्धीलाई लगानीसँग दाँजेर (Tie-Up) हेर्न सक्दैन । कार्य दक्षता भए पनि नभए पनि लगानी यथावत रुपमा प्राप्त भइरहन्छ । लगानीको माग पक्षमा समाजका व्यक्ति, घर परिवार, समुदाय र व्यवसायिक समाजमा सम्मिलित सरोकारवालाहरुले लागत लाभको विश्लेषण गरी शिक्षाको माग गर्दछन् । उदाहरणका लागि शिक्षाको प्रत्यक्ष खर्च जस्तै : शिक्षण शुल्क, शैक्षिक सामाग्री, पाठ्यपुस्तक, कापी र कलम आम्दानी लागत समेत घर परिवारले बेहोर्दछन् । शिक्षार्थी शिक्षावाट लाभ लिन सक्ने भए मात्र शिक्षामा लगानी गर्छन । यसले गर्दा शिक्षा प्रणाली

कुशल योग्य वन्दछ । गुणस्तरीय शिक्षालाई अवसरहरुले पछ्याउँछन् । परिणामस्वरुप शिक्षामा जनसहभागिता बढ्दछ (काफ्ले, बासुदेव एवं अन्य, २०६६) ।

जनुसुकै राष्ट्रले आफ्नो योजना, साधन र श्रोतको पर्याप्तता आदिका आधारमा शिक्षा क्षेत्रमा बजेट विनियोजन गर्ने गर्दछन् । शिक्षा क्षेत्रको विकास भनेको मानवीय श्रोत र साधनको विकास हो । शिक्षामा गरिएको लगानी मानव संशाधनको दीर्घकालीन विकासका लागि गरिने लगानीका रुपमा लिने गरिन्छ । कुनै पनि मुलुकको विकासको स्थितिलाई अवलोकन गर्न समेत शिक्षामा गरिएको लगानीलाई प्रमुख रुपमा लिने गरिन्छ । जव मानवीय श्रोत र साधनको विकास अधिकतम् हुन्छ, तव राष्ट्रको विकासमा हरेक क्षेत्रले विस्तारै गति लिन थाल्दछ । चेतनशील समुदाय बढी भएपछि राष्ट्रको विकास स्वतः अगाडि बढ्दै जान्छ । शिक्षालाई सामान्यता सामाजिक सेवाको रुपमा लिइन्छ । तसर्थ सरकारले शिक्षा क्षेत्रमा वढी लगानी गर्नु पर्दछ । शिक्षामा बजेट विनियोजन गर्ने सवाल राष्ट्रको आर्थिक स्थितिमा भर पर्दछ । जुनसुकै राष्ट्रले कुल राष्ट्रिय उत्पादनको कति प्रतिशतमा रकम शिक्षामा खर्च गर्ने ? राष्ट्रको वार्षिक बजेट कति छुट्टयाउने ? बजेट छुट्टयाउँदा कस्तो सैद्धान्तिक आधार लिने ? शिक्षा सेवाको आधारमा कति विद्यालय उमेरका वालवालिका छन् ? कति विद्यालयमा अध्ययन गर्नवाट वञ्चित छन् ? यी सवै प्रश्नहरुको लेखाजोखा हुनुपर्दछ ? “सवैको लागि शिक्षा” कार्यक्रमले १८ वटा शैक्षिक सूचकहरुलाई मुख्य रुपमा अगाडि ल्याइएको छ । यी सवै सवालहरुमा केन्द्रित रहेर शैक्षिक क्षेत्रमा आर्थिक लगानीको वृद्धि गरी संख्यात्मक मानव संशाधनको सट्टा गुणात्मक मानव संशाधनको विकास गर्नु पर्दछ (काफ्ले, बासुदेव एवं अन्य, २०६६) ।

शिक्षा क्षेत्रमा भएका वर्तमान अध्ययन, अनुसन्धानले देखाए अनुसार विकासोन्मुख देशमा प्राथमिक शिक्षाको झण्डै ९०% बजेट तलवमा नै खर्च हुन्छ । तसर्थ गरिव मुलुकको शिक्षाको हरेक तह यही हिसावले प्रभावित हुने तथ्यलाई नकार्न सकिदैनन् । नेपालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले सरकारी बजेटको १७% शिक्षामा लगानी गर्नुपर्ने र शिक्षा क्षेत्रको कुल बजेटवाट ५५% आधारभूत तथा प्राविधिक शिक्षामा खर्च गर्नुपर्छ भन्ने नियमानुसार सिद्धान्तमा राम्रो पक्ष देखिए तापनि कार्यान्वयनको पक्ष सन्तोषजनक छैन । शिक्षाका लागि पनि यति नै लगानी हुनुपर्छ भन्ने छैन तर पनि विश्वको

शैक्षिक वातावरण, देशको भौगोलिक, सामाजिक, राजनीतिक, साँस्कृतिक अवस्था साथै उपलब्ध साधन, श्रोत र शैक्षिक जनशक्तिको पर्याप्तताका आधारमा राष्ट्रले शैक्षिक लगानी गर्नुपर्छ (काफ्ले, बासुदेव एवं अन्य, २०६६) ।

यिनै सैद्धान्तिक पक्षलाई यस अध्ययनको आधार मानि सामुदायिक विद्यालयहरुमा सञ्चालित बालविकास केन्द्रहरुमा सरकारले गरेको आर्थिक लगानी, आर्थिक लगानीले व्यवस्थापनमा परेको प्रभाव तथा बालविकास कार्यक्रममा गरिएको लगानीमा देखा परेका समस्याहरु तथा समस्याका समाधानका उपायहरु सरोकारवालाहरु आवश्यक सुझाव र सल्लाह प्रस्तुत गर्न सहयोग पुगोस भन्ने अभिप्रायले प्रस्तुत शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

## २.३. अनुसन्धानकालागि पुनरावलोकनको उपदेयता

पूर्ववत अनुसन्धानका प्रमाणहरुलाई उल्लेख गर्नाले आफ्नो अनुसन्धानको क्षेत्रमा भएका र वर्तमानसम्ममा पनि अज्ञात रहेका तथा परीक्षण नगरिएका प्रमाण वा ज्ञानहरुको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यसरी वर्तमान ज्ञान भएका र परीक्षण नगरिएका कुराहरुमा खोज अनुसन्धान गर्नु नै शैक्षिक उपादेयता हो । बालविकास कार्यक्रम कक्षा १ मा भर्ना हुनु पूर्व ३ वर्षदेखि ५ वर्ष समूहका बालवालिकाहरुको शारीरिक, सामाजिक, बौद्धिक र संवेगात्मक विकास लगायतका सर्वाङ्गिण चौतर्फी विकासका लागि सञ्चालित कार्यक्रम भएकोले शिक्षा क्षेत्रमा बालवालिकाको उज्वल भविष्य रेखाङ्कन गर्ने क्रममा आधारशिला खडा गर्न यो कार्यक्रम अत्यन्तै सान्दर्भिक एवम् उपयोगी सावित भएको पाइन्छ । एकातिर विद्यमान वदलिदो परिस्थिति र परिवेश अनुसार शिक्षालाई आधुनिकीकरण एव. परिमार्जन गर्दै लैजानु आजको आवश्यकता हो भने अर्को तिर विश्व परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय एवम् सीपमूलक शिक्षा प्रदान गर्दै जानु राज्यको दायित्व पनि हो । किन भने शिक्षा नै कुनै पनि राष्ट्रको विकासको आधारशिला भएकोले दक्ष जनशक्ति विना कुनै पनि राष्ट्रको विकासको फड्को मार्न सक्दैन । बालविकास कार्यक्रमले बालवालिकाहरुमा सर्वाङ्गिण विकास एवं सकारात्मक अवधारणाको अभिवृद्धि गर्न विशेष जोड दिइएको छ । यो कार्यक्रम बालवालिकाको आवश्यकता, चाहना र बालविकासका चरणहरुलाई समेत ध्यानमा राखी तयार गरिएकाले बालवालिकाको बौद्धिक, शारीरिक, सामाजिक एवं संवेगात्मक पक्षको समानुपातिक र सन्तुलित किास गर्नमा उपयोगी हुन सक्छ । बाल बचाऊ, बाल संरक्षण,

बालविकास तथा बाल सहभागिता जस्ता बाल अधिकारका चार पक्षहरुको आधारमा तर्जुमा भएको छ ।

यस शोध कार्यमा "बालविकास केन्द्रमा गरिएको लगानीको अवस्था" सँग सम्वन्धित पूर्ववत् साहित्यहरुको पुनरावलोकन गरिनेछ । पूर्ववत साहित्य तथा अध्ययन प्रतिवेदनमा उल्लेखित सुझाव र निष्कर्ष अनुसार विद्यालयमा आधारित बालविकास केन्द्रमा शुल्क लगाउन, कक्षा छोड्ने प्रवृति हटाउने नीति निर्माण गर्न सहयोगी कार्यकर्ताले सञ्चालन गर्ने शिक्षण सिकाइ कृयाकलापमा सुधार गर्ने, मूल्यांकन प्रणालीमा सुधार गर्नुपर्ने सहयोगी कार्यकर्ताको कार्य दक्षता वृद्धि गर्ने तालिममा जोड दिइएको । विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिने लगानीको वर्तमान अवस्था पहिचान गर्न, लगानी वृद्धि गर्ने उपायहरुको विश्लेषण गर्ने, लगानीमा देखिएका समस्याहरु खोजी गर्न र बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानका उपायहरुको सुझाव नै यस अध्ययनको शैक्षिक उपादेयता हो ।

अतः बालविकास केन्द्रमा लगानी वृद्धि गर्ने कार्यमा शैक्षिक योजनाकार, शैक्षिक प्रशासक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, अभिभावक तथा सो सम्वन्धि शोधकार्य गर्ने शोधकर्तालाई समेत थप उर्जा प्राप्त हुन सक्छ । अगामी दिनमा लगानी वृद्धि गर्न र शैक्षिक लगानीको क्षति न्यूनिकरण गर्नमा सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

# परिच्छेद तीन

# अध्ययनका विधि र प्रक्रिया

कुनै पनि कार्यक्रम सम्पन्न गर्ने उद्देश्यलले विषयवस्तुको स्वरुप अनुसार निश्चित उद्देश्य प्राप्त गर्नका लागि विभिन्न उपायहरुको अवलम्बन गर्नुलाई नै विधि भनिन्छ । यसले अनुसन्धान कार्यलाई मार्ग दर्शन गर्दछ । यसमा जुन तरीकाबाट तथ्यांक संकलन गर्ने, विश्लेषण गर्न तथा निष्कर्षमा पुग्ने गरिन्छ; त्यसलाई सविस्तार उल्लेख गरिएको हुन्छ; यस अध्ययन कार्य अन्तर्गत अनुसन्धान ढाँचा, अध्ययनका जनसंख्या एवम् नमुना छनोट विधि तथा नमुना छनौटका आधारहरु तथ्यांकका स्रोतहरु, तथ्यांक संकलनका साधनहरु र तथ्यांक संकलन विश्लेषण र प्रस्तुतीकरण गर्दा अपनाउने प्रक्रियाहरुलाई उल्लेख गरिएको छ । यस शोधपत्रको अध्ययन अनुसन्धान गर्ने क्रममा गुणत्मक र परिमाणात्मक अनुसन्धान विधि प्रयोग भएको छ ।

## ३.१ . अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागि आवश्यक तथ्यांकहरुको संकलन र विश्लेषण कम लागतमा सान्दर्भिक हुन सकोस् भनी गरिने व्यवस्थालाई नै अनुसन्धान ढाँचा भनिन्छ । (खनाल, २०६५) । अनुसन्धान ढाँचा र दास्रो प्रयोगात्मक अनुसन्धान ढाँचा । यो शोधपत्र प्रयोगात्मक अनुसन्धान ढाँचामा आधारित छ । यसको मूख्य उद्देश्य शोध प्रश्नहरुको जवाफ प्राप्त गर्नु र विचलनहरुलाई नियन्त्रण गर्नु हो । निश्चित खोजमूलक प्रश्नहरुको जवाफ प्राप्त गर्न शोध ढाँचाले कार्यविधि, संरचना र योजना तयार गर्दछ । जसको माध्यमबाट अनुसन्धानकर्ताले ती प्रश्नहरुको समाधान पत्ता लगाउन सामर्थ्य हुन सक्दछ ।

अनुसन्धान ढाँचा अनुसन्धान खोजको निम्ति अनुसन्धान कार्यका लागि तयार पारिनु एक बृहत योजना एवम् रुपरेखा हो । यस कार्यमा विषयको छनौटदेखि लिएर तथ्यांक संकलन, विश्लेषण र प्रस्तुतीकरण कार्यसम्म कुन-कुन विधि अवलम्बन गर्ने हो ? सो को विस्तृत प्रक्रिया तथा योजना नभेटिएर अनुसन्धानकर्तालाई आफ्नो कार्यका लागि मार्ग निर्देशन प्रदान गर्दछ । (खनाल, २०६५) । यस अध्ययनको नीतिगत अवस्था, अवसरहरुको पहिचानः समस्याहरु र समाधानका उपायहरु पहिल्याउन प्राप्त राय, सल्लाह र सुझाव एवम्

तथ्यांकलाई शाब्दिकरुपमा तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुग्ने कार्य यस अनुन्धानमा गरिएकोले यो अनुसन्धान वर्णात्मक अनुसन्धान ढाँचामा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट विधि

### ३.२.१ अध्ययनको जनसंख्या

शैक्षिक अनुसन्धानको क्रममा कुनै निश्चित समयमा अध्ययन गरिने समूहसँग सम्बन्धित सम्पूर्ण सदस्यलाई त्यस अध्ययनको जनसंख्या भनिन्छ । अनुसन्धानकर्ताले उद्देश्य परिपूतिएका लागि कस्ता कस्ता संख्याहरु एवम् पदाधिकारीहरुलाई छनौट गर्दा सान्दर्भिक र प्रमाणिक सूचना प्राप्त गर्न भन्ने उद्देश्यले उद्देश्यमूलक नमुना छनोट विधिबाट छनौटमा परेका ओखलढुङ्गा जिल्ला सिस्नेरी स्रोतकेन्द्र र च्यानाम स्रोतकेन्द्रका व्यवस्थापन समितिका अध्यक्ष शिक्षक अभिभावक संघ अध्यक्ष, सहयोगी कार्यकर्ता, अभिभावक, प्रधानाध्यापक, स्रोत व्यक्ति, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा अधिकारी यस अध्ययनका जनसंख्या हुन् ।

### ३.२.२ अध्ययनको नमुना छनोट

कुनै पनि अनुसन्धान कार्यका लागि निर्धारित जनसंख्याको उचित किसिमले प्रतिनिधित्व हुने गरी छनौटबाट गरिएको प्रतिनिधिमूलक सानो अंशलाई नमुना छनोट भनिन्छ । नमुना छनोट गर्दा एउटा निश्चित नियमको आधारमा गरिनु पर्दछ ।

निश्चित पद्धति अपनाएर छनौटबाट प्राप्त जनसंख्याको प्रतिनिधित्व हुन सक्छ । नमुना छनोटका लागि अवलम्बन गरिने त्यस्ता पद्धतिलाई नमुना छनोट पद्धति भनिन्छ । नमुना छनौटलाई मूख्य गरी दुई वर्गमा विभाजन गरिन्छ । एउटा संभावनायुक्त र अर्को सम्भावना रहित । सम्भावनायुक्त नमुना छनोट विधिका आधारमा १४ वटा स्रोतकेन्द्र मध्ये २ वटा स्रोतकेन्द्रका सामुदायिक विद्यालयका बालविकास केन्द्रहरु पर्दछन् जसमा सिस्नेरी स्रोतकेन्द्रका दुई वटा गा.वि.स.सिस्नेरी र बलखु गा.वि.स.मा विद्यालयमा सञ्चालित १० वटा बालविकास केन्द्रमध्ये १ वटा उच्च मा.वि., १ वटा मा.वि., १ वटा नि.मा.वि., १ वटा प्रा.वि. तथा च्यानाम

स्रोतकेन्द्रका ३ वटा गा.वि.स. च्यानाम, मुकखर्क र कटुन्जे गा.वि.स.मा विद्यालयमा सञ्चालित १६ वटा बालविकास केन्द्रहरु मध्ये १ वटा उच्च मा.वि., १ वटा मा.वि., २ वटा प्रा.वि. गरी जम्मा ८ वटा विद्यालयमा आधारित बालविकास केन्द्रलाई प्रत्येक गा.वि.स.को कम्तिमा एक बालविकास केन्द्र र सबै तहमा सञ्चालित बालविकास केन्द्रलाई समेटनेगरी सम्भावनायुक्त नमुना छनोटबाट छनौट गरिएका छन् । जसमा उद्देश्यमूलक नमुना छनोटका आधारमा तिनै विद्यालयसँग सम्वन्धित प्र.अ. ८ जना, सहयोगी कार्यकर्ता ८ जना, वि.व्य.स.का अध्यक्ष ८ जना, स्रोतव्यक्ति २ जना, विद्यालय निरीक्षक १ जना, शिक्षक अभिभावक संघका अध्यक्ष ८ जना, जि.शि.अ. १ जना तथा सम्भावनायुक्त छनोटका आधारमा अभिभावक ८ जना गरी ४४ जनालाई तथ्यांक संकलन गर्नका लागि नमुना छनोट गरिएका छन् ।

## ३.३. तथ्यांक संकलनका साधनहरु

यस अध्ययनका लागि सर्वेक्षण गर्ने क्रममा अध्ययनका साधनहरुको रुपमा खुल्ला र बन्द प्रश्नावली बनाई तथ्यांक संकलन गरिएको थियो । साथै अन्तर्वार्ता समूह छलफल, बालविकास केन्द्रको अवलोकन पनि गरिएको थियो यस अध्ययनलाई विश्वासिलो बनाउन अध्ययनकर्ताले नमुना छनोटमा परेका विद्यालयमा गई तथ्यांक संकलन गरेको थियो ।

### ३.३.१ प्रश्नावली

प्रश्नावली मनोवैज्ञानिक, सामाजिक, शैक्षिक इत्यादि विषयसँग सम्बन्धित शृङ्खलाबद्ध प्रश्नहरु संकलन गर्ने त्यो साधन हो जसलाई अनुसन्धानका समस्याहरु समाधान गर्ने उद्देश्यले व्यक्ति तथा व्यक्तिहरुको समूहमा पठाईन्छ । प्रश्नावलीमा समावेश हुने प्रश्नहरुको स्वरुप र प्रकृतिका आधारमा प्रश्नावलीको वर्गीकरण गरिएको पाइन्छ तर सामान्यतया प्रश्नावलीलाई संरक्षित, असंरक्षित, खुल्ला, बन्द, निर्णयात्मक र मिश्रित रुपमा वर्गीकरण गर्न सकिन्छ, यस अध्ययन अनुसन्धानले राखेका उद्देश्य पुरा गर्नका लागि नमुना छनोटमा परेका प्रधानाध्यापक, वि.व्य.स. अध्यक्ष, अभिभावक। बालविकास कार्यक्रमका सहयोगी कार्यकर्ता , शि.अ. संघका अध्यक्ष, श्रोत ब्यक्ति, विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीलाई सोधिने

प्रश्नावली निर्माण गरिएका छन् । जसमा खुल्ला र बन्द प्रकृतिका प्रश्नहरु राखिएका छन् । जो अनुसूची १, २, ३ र ४ मा उल्लेख गरिएको छ ।

### ३.३.२ अवलोकन फारम

अवलोकन विधि शैक्षिक कार्यक्रम स्थलमा प्रत्यक्ष उपस्थित भएर वस्तुस्थितिको सूक्ष्म जाँच गरी तथ्यांक संकलन गर्ने विधि हो । यस विधिमा अनुसन्धानकर्ता आफैंले प्रत्यक्ष रुपमा अवलोकन गरी तथ्यांक संकलन गर्ने भएकोले नतिजा भरपर्दो, विश्वसनीय र बैद्य हुन्छ । यसले अनुसन्धानको निष्कर्षमा पुग्न सहयोग पुऱ्याउँदछ । जो अनुसूची ५ मा देखाइएको छ ।

### ३.३.३ अन्तर्वार्ता

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्यांङ्क संकलन गर्ने साधनलाई अन्तर्वार्ता भनिन्छ । जसको माध्यमबाट अनुसन्धानकर्ताले आफ्नो अध्ययन क्षेत्रको ब्यक्तिहरुसँग सम्बन्धित कुराकानी गरेर अध्ययन क्षेत्रका ब्यक्तिले ब्यक्त गरेको विचारलाई नोट गरिन्छ । अन्तर्वार्तालाई विभिन्न आधारमा वर्गीकरण गरिएतापनि उद्देश्यको आधारमा निदानात्मक, उपचारात्मक, छनोट अनुसन्धान अन्तर्वार्ताका रुपमा वर्गीकरण गर्न सकिन्छ । व्यक्तिसँगको प्रत्यक्ष सम्पर्कद्वारा जानकारी तथा तथ्यांकहरु प्राप्त गरिने भएकाले प्राप्त तथ्यांक तथा जानकारीहरु भरपर्दो, विश्वसनीय तथा बैद्य हुन्छन् । यस अन्तरगत नमुनामा परेका विद्यालयमा आधारित बालविकास केन्द्रहरुका स्थानीय अभिभावक तथा सम्बन्धित ब्यक्तिहरुलाई सम्बन्धित केन्द्रहरुमा नै भेला गराई व्यापक छलफल गरिएको थियो । जसबाट विद्यालयमा आधारित बालविकास कार्यक्रम, आर्थिक लगानीको व्यवस्थापनमा समुदायले कस्तो भूमिका निर्वाह गर्दै आएको छ भन्ने विषयमा स्पष्ट हुन सकिने र सुधारको लागि सुझावहरु समेत आउन सक्ने अपेक्षा राखिएको थियो ।

### ३.३.४ समूह छलफल

एउटा व्यक्तिले लिएको निर्णय भन्दा समूहले लिएको निर्णय उत्तम हुन्छ भन्ने कथनलाई चिन्तन मनन् गर्दै वास्तविक तथ्य संकलन गर्न नमुनामा परेका

विद्यालयमा आधारित बालविकास केन्द्रका सरोकारवाला व्यक्ति (प्र.अ., वि.व्य.स., अभिभावक, शिक्षा प्रेमी) लाई सम्बन्धित केन्द्रमा भेला गराई उद्देश्यमूलक छलफल गरिएको थियो । जसबाट बालविकास कार्यक्रममा गरिएका लगानी बृद्धि गर्न उपयुक्त सुझाव समेत आएको थियो ।

## ३.४. तथ्यांक स्रोतहरु

तथ्यांकहरु जहाँबाट प्राप्त गर्न सकिन्छ, त्यस क्षेत्रलाई तथ्यांकको स्रोत मानिन्छ । अनुसन्धानको प्रकृति अनुसार तथ्यांक प्राप्त हुने स्रोतहरु फरक फरक हुन सक्छन् । तथ्यांकका स्रोतहरुलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.१ प्राथमिक श्रोत :

अनुसन्धानकर्ताद्वारा पहिलो पटक संकलन र प्रयोग गरिएका तथ्यांकहरुलाई प्राथमिक श्रोत भनिन्छ । प्रथम पटक नै अनुन्धानकर्ताले संकलन गर्ने भएकाले तिनीहरुको व्याख्या विश्लेषण गर्ने अधिकार पनि अनुसन्धानकर्ताकै रहने गर्दछ । यस विधिमा अनुसन्धानकर्ताद्वारा प्रश्नावली, अवलोकन, अन्तर्वार्ता, अनुसन्धान आदिको माध्यमबाट तथ्यांक संकलन गरिन्छ । प्राथमिक तथ्यांकका लागि ओखलढुंगा जिल्लाका सिस्नेरी स्रोतकेन्द्रतथा च्यानाम स्रोतकेन्द्र अन्तरगत छनौटमा परेका विद्यालयमा आधारित बालविकास केन्द्रका प्र.अ., सहयोगी कार्यकर्ता, वि.व्य.स. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष, अभिभावक, स्रोत व्यक्ति, विद्यालय निरीक्षक लगायत जि.शि.अ. सँग त्यसका समाधानका उपायहरुका बारेमा प्रश्नावली भर्न लगाउनुको साथै अन्तर्वार्ता पनि लिईएका छन् ।

### ३.४.२ द्वितीय श्रोत

अनुसन्धानका सिलशिलामा पूर्व प्रकाशित तथा संकलित तथ्यांकहरुलाई द्वितीय श्रोत भनिन्छ । अर्थात आफैंले संकलन नगरी अरुद्वारा संकलित प्रकाशित तथा अप्रकाशित जर्नल, रिपोर्ट, पत्रपत्रिका, चिट्ठीपत्र विभिन्न कार्यालयद्वारा प्रकाशित लेख तथा अभिलेख आदिको राम्रो अध्ययन गरी त्यसबाट आफूलाई चाहिने आवश्यक तथ्यांक तथा जानकारी संकलन गर्दछन् । द्वितीय स्रोतका रुपमा व्यक्तिगत दस्तावेज (

जीवनगाथा, डायरी, चिट्ठीपत्र, स्मरण) तथा सार्वजनिक दस्तावेज (प्रकाशित तथा अप्रकाशित) का शोध ग्रन्थहरु आदि हुन् (खनाल, २०६५) ।

यस अध्ययनका नीतिगत अवस्था आर्थिक अवस्थाको पहिचान र त्यसमा देखापर्न सक्ने समस्याहरुको सम्बन्धमा बालविकास कार्यक्रमका मूल दस्तावेज, प्रारम्भिक बाल्यावस्था विकासका आधार, शिक्षाको वित्तीय शास्त्र, शैक्षिक स्मारिका, विद्यालय क्षेत्र सुधार योजना, शिक्षा शास्त्र र जनरल आदिलाई द्वितीय श्रोतका रुपमा लिईएका छन् ।

## ३.५. तथ्यांक संकलन प्रक्रिया

तथ्यांक संकलन गर्दा अपनाइने तौरतरिका नै तथ्यांक संकलन प्रकृया हो । (खनाल, २०६५) बालविकास कार्यक्रममा गरिएको लगानी उद्देश्यलाई परिपूर्ति गर्नका लागि छनौटमा परेका सिस्नेरी स्रोतकेन्द्र र च्यानाम स्रोतकेन्द्रका १-१ वटा उ.मा.वि., १-१ वटा मा.वि., १ वटा नि.मा.वि., १-२ वटा प्रा.वि. गरी ८ वटा सामूदायिक विद्यालयमा आधारित बालविकास केन्द्रहरुलाई छनौट गरी त्यससँग सरोकार राख्ने सहयोगी कार्यकर्ता, प्र.अ., अभिभावक, वि.व्य.स.का अध्यक्ष, शि.अ.संघ अध्यक्ष, श्रोत व्यक्ति, विद्यालय निरीक्षक जस्ता सरोकारवाला व्यक्तिहरुसँग प्रश्नावली, अन्तरवार्ता, व्यक्तिगत एवम् सामूहिक छलफल गरी तथ्यांक संकलन गरिएको छ ।

## ३.६. तथ्यांक विश्लेषण प्रक्रिया

तथ्यांकको विश्लेषण प्रक्रिया भन्नाले अनुसन्धानका प्रश्नहरुको उत्तर प्राप्त गर्न तथ्यांकहरुलाई वर्गीकरण गर्ने, क्रममा राख्ने, सञ्चालन गर्ने तथा सारांश प्रस्तुत गर्ने प्रक्रिया हो (खनाल, २०६५) । यस अध्ययनका लागि आवश्यक पर्ने तथ्यांकको संकलनको आधार मूख्य रुपमा प्राथमिक श्रोतलाई नै मानिएको छ । जसमा स्थलगत सर्वेक्षण नै प्रमुख मानिएको छ । यस शोध पत्रमा गुणात्मक तथा परिमाणात्मक दुवै प्रकारका तथ्यांकलाई आवश्यकता अनुसार तालिका, रेखाचित्र आदिद्वारा सरल तथा स्पष्ट रुपमा राखिएको छ भने सो तालिकामा उल्लेखित विवरणहरुलाई व्यापक रुपमा विश्लेषण गरी वर्णात्मक विधिद्वारा शोधपत्र तयार गरिएको छ ।

# परिच्छेद : चार
# नतिजाको विश्लेषण

कारलिङ्ग (१९८६) को शब्दमा विश्लेषणको अर्थ अनुसन्धानको समस्याको समाधानार्थ संकलित तथ्यांकहरु स्तरीकरण, निर्धारण, क्रम परिवर्तन र संक्षिप्तमा प्रस्तुत गर्नु हो र यो शोध अध्ययनमा ओखलढुङ्गा जिल्लाको विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानीमा आधारित रहेको छ । यस अध्ययनमा गुणात्मक तथा परिणात्मक दुई प्रकारका तथ्यांकलाई आवश्यकता अनुसार तालिकाद्वारा सरल एवम् स्पष्ट रुपमा राखिएको छ भने उक्त तालिकामा दिइएको विवरणलाई विस्तृत रुपमा तथ्यांकको व्याख्या तथा विश्लेषण गरी निम्न वुँदाहरुको आधारमा प्रस्तुत गरिएको छ ।

## ४.१. विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानी

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको विश्लेषण गर्दा बालविकास केन्द्रको विवरण, बालविकास केन्द्रको आम्दानी खर्च विवरण तथा अभिभावकहरुको लगानी, गैर सरकारी संघ संस्थाको लगानीलाई क्रमशः तल उल्लेख गरिएको छ ।

### ४.१.१. बालविकास केन्द्रको विवरण

यस ओखलढुङ्गा जिल्लामा सामान्यतया ४ वर्ष मुनिका बालवालिकाहरुको लागि दुई प्रकारका कार्यक्रमहरु सञ्चालित छन् । जसमा पूर्व प्राथमिक शिक्षा जुन संस्थागत विद्यालयहरुमा नर्सरी, एल.के.जी. र यु.के.जी. आदि कक्षाको नामवाट सञ्चालन गरेका छन् भने बालविकास कार्यक्रम जुन शिक्षा विभागवाट प्राप्त कोटाको आधारमा समुदायमा आधारित र विद्यालयमा आधारित गरी दुई प्रकारका जिल्ला शिक्षा कार्यालय, ओखलढुङ्गाको निर्णयानुसार जिल्लाभरी सञ्चालित छन् । जस अन्तर्गत जिल्ला भरीमा २७४ वटा बालविकास केन्द्र सञ्चालित छन् । जसमा १९३१ केटा र १९२१ केटी गरी कुल ३८५२ जना बालवालिका, बालविकास केन्द्रवाट प्रत्यक्ष रुपमा फाइदा लिई राखेका छन् तथा त्यस बालविकास केन्द्रका २७४ महिला सहयोगी कार्यकर्ता अध्ययन गराई रहेका छन् ।

यस शोधअध्ययन प्रकृयालाई सरल एवम् कम खर्चिलो बनाउँदा ओखलढुङ्गा जिल्लाको १४ वटा स्रोतकेन्द्र मध्ये कालिका उ.मा.वि. सिस्नेरी स्रोतकेन्द्र तथा प्रवुद्ध उ.मा.वि. च्यानाम स्रोतकेन्द्रं अन्तर्गतका सिस्नेरी स्रोतकेन्द्रका २ वटा गा.वि.स.सिस्नेरी र बलखु गा.वि.स.मा विद्यालयमा सञ्चालित १० वटा बालविकास केन्द्रम मध्ये ४ वटा तथा च्यानम स्रोतकेन्द्रका ३ वटा गा.वि.स. च्यानाम, मुलखर्क र कटुन्जे गा.वि.स.मा विद्यालयमा सञ्चालित १६ वटा बालविकास केन्द्र मध्ये ४ वटा बालविकास केन्द्र गरी जम्मा ८ वटा बालविकास केन्द्रहरुलाई नमुनाको रुपमा लिइएको छ। जस अन्तर्गत श्री सुनकोसी उ.मा.वि. बलखुमा १५ जना बालवालिका मध्ये ५ जना दलित र १ जना जनजाति, श्री प्रवुद्ध उ.मा.वि. च्यानाममा २२ जनामध्ये ३ जना दलित र जनजाति विद्यार्थी नभएको पाइयो। जसको विवरण निम्नानुसार छ :-

तालिका नं. ४.१. नमुना छनोटमा परेका बालविकास केन्द्रको विवरण

| क.सं | विद्यालयको नाम | ठेगाना | जम्मा बालवालिका | | | दलित | | जनजाति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | छात्र | छात्रा |
| १. | श्री सुनकोशी उ.मा.वि. | बलखु | 8 | 7 | 15 | 3 | 2 | 0 | 1 |
| २. | श्री पञ्चकन्या मा.वि. | सिस्नेरी | 5 | 8 | 13 | 1 | 2 | 2 | 3 |
| ३. | श्री आरुभञन्ज्याङ नि.मा.वि. | बलखु | 6 | 7 | 13 | 0 | 0 | 6 | 4 |
| ४. | श्री जनजागृति प्रा.वि. | सिस्नेरी | 7 | 4 | 11 | 1 | 1 | 3 | 2 |
| ५. | श्री प्रबुद्ध उ.मा.वि. | च्यानाम | 9 | 13 | 22 | 2 | 1 | 0 | 0 |
| ६. | श्री चौतारा मा.वि. | मूलखर्क | 9 | 5 | 14 | 0 | 0 | 6 | 4 |
| ७. | श्री भिमसेन प्रा.वि. | कटुन्जे | 9 | 7 | 16 | 1 | 2 | 5 | 6 |
| ८. | श्री जगतजननी प्रा.वि. | च्यानाम | 5 | 6 | 11 | 3 | 1 | 2 | 1 |
| | जम्मा | | 58 | 57 | 115 | 11 | 9 | 24 | 21 |

(स्रोत : स्थलगत अध्ययन : २०७०)

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्वन्धि निर्देशिका २०६१ अनुसार उक्त तालिका विश्लेषण गर्ने हो भने प्रति कक्षा न्यूनतम २० देखि अधिकतम २५ बालवालिका हुनुपर्नेमा विद्यार्थी संख्या ११ देखि २२ देखिन्छ। भौगोलिक विकटताका कारण जिल्ला शिक्षा समिति ओखलढुङ्गाले न्युनतम विद्यार्थी संख्या १० जना सम्म

विद्यार्थी संख्या भएकोलाई सञ्चालन गर्न दिने व्यवस्था गरेको रहेछ । त्यस्तै ८ वटा केन्द्रहरुमा जम्मा छात्र तर्फ ५८ र छात्रा तर्फ ५७, दलित तर्फ छात्र ११ र छात्रा ९ र जनजाति तर्फ छात्र २४ र छात्रा तर्फ २१ रहेको देखिन्छ ।

उपरोक्त तालिका अनुसार श्री आरुभञ्ज्याङ नि.मा.वि. दिप्सिङ, बलखु र श्री चौतारा मा.वि. डाडाखर्क, मूलखर्कमा दलित बालवालिका अध्ययनरत देखिएन । श्री प्रबुद्ध उ.मा.वि. च्यानाममा जनजाति बालवालिका अध्ययरन देखिएन साथै श्री सनुकोशी उ.मा.वि. बलखुमा पनि जनजाति बालवालिका कम देखिन्छ । ८ वटा बालविकास केन्द्र मध्ये सवभन्दा बढी बालवालिका प्रबुद्ध उ.मा.वि. च्यानाम र कम बालवालिका जनजागृति प्रा.वि. सिस्नेरी र श्री जगतजनती प्रा.वि. च्यानाम बालविकास केन्द्रमा अध्ययनरत देखियो ।

### ४.१.२. बालविकास केन्द्रको आम्दानी खर्चको विवरण

विद्यालयमा आधारित बालविकास केन्द्रमा सरकारी लागनीको वर्तमान अवस्था विश्लेषण गर्दा सरकारले थोरै लगानी गरे तापनि शिक्षाको माग अनुसार लगानी प्राप्त भएको छैन । सरकारले गरेको लगानीवाट सहयोगी कार्यकर्ताको पारिश्रमिक पनि पुग्ने अवस्था नरहेकोले बालविकास केन्द्रहरुको शैक्षिक र भौतिक पक्षको विकास भएको देखिदैन । सरकारले विद्यालयमा आधारित बालविकास केन्द्रमा निम्न शीर्षकहरुमा रकम दिने गर्दछ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २ : बालविकास केन्द्रको आय-व्यय

| क्र. | आय | | क्र. | व्यय | |
|---|---|---|---|---|---|
| सं. | शीर्षक | रकम | सं. | शीर्षक | रकम |
| १. | सहयोगी कार्यकर्ताको पारिश्रमिक | 3000.- | १. | तलव भुक्तानी | 3000.- |
| २. | दशैं खर्च | 3000.- | २. | चाड पर्व खर्च | 3000. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | - |
| ३. | मसलन्द | 1000.- | ३. | शैक्षिक सामाग्री बापत | 1000.- |
| | | 7000.- | | | 7000.- |

(स्रोत : स्थलगत सर्वेक्षण, २०७०)

बालविकास कार्यक्रमहरुको आर्थिक लगानीको लेखाजोखा गर्न बालविकास केन्द्रहरु, सरकारी अनुदानवाट सञ्चालन भईरहेको छ। “सवैको लागि शिक्षा” कार्यक्रमवाट जिल्ला शिक्षा कार्यालयले सहयोगी कार्यकर्ताको पारिश्रमिकको लागि वार्षिक रुपमा रुपमा रु. ३९,०००।- विद्यालयको खातामा निकाशा गर्दछ। मसलन्दको रुपमा वार्षिक रु. १,०००।- अनुदान दिने गर्दछ। रु. ३९,०००।- बालविकास केन्द्रको सहयोगी कार्यकर्तालाई पारिश्रमिक (तलव) मा र रु. १,०००।- शैक्षिक सामाग्रीमा विद्यालयहरुले खर्च गर्दछ। अतः विद्यालयको आवश्यकता र माँग अनुसार बालविकास कार्यक्रममा प्रति विद्यार्थी अनुदान मासिक रुपमा रु. १००।- दिने व्यवस्था सरकारले गरेको छ।

### ४.१.३. बालविकास केन्द्रमा अभिभावकको लगानी

सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रहरु विद्यालयकै घेरा भित्र, विद्यालयकै रेखदेख र सहयोगमा सञ्चालित हुन्छन् तर पनि शैक्षिक नीति अनुरुप छुट्टै बालविकास केन्द्रको मात्रै व्यवस्थापन समिति गठन नभएको तर कक्षा व्यवस्थापन उपसमिति गठन भएको देखिन्छ। सो समितिले बालविकास केन्द्रमा कुनै सहयोग गरेको छैन। स्थलगत अध्ययनले के देखाएको छ भने विद्यालयले बालविकास केन्द्रमा अध्ययन गर्न बालवालिकाका अभिभावकहरुलाई कहिले पनि बैठकमा बोलाइदैन तथा बालविकास केन्द्र सम्बन्धी हामीलाई केही जानकारी छैन भन्ने अभिभावकहरुको भनाई थियो। बालविकास केन्द्रहरु सरकारले दिएको अनुदानमा मात्र निर्भर रहेको छ। अभिभावकहरुबाट त्यस्तो बालविकास केन्द्रमा आर्थिक लगानी गरिएको देखिदैन।

### ४.१.४. बालविकास केन्द्रमा गैर सरकारी संघ संस्थाको लागनी

गैर सरकारी संघ संस्थाहरुले विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा आर्थिक लगानी गरिएको देखिएन । बालविकास केन्द्रले विद्यालय कै भवन, फर्निचर, शैक्षिक सामाग्री खरीद, खानेपानी तथा शौचालय प्रयोग गरेको देखिन्छ । जसमा गैर सरकारी संघ संस्थाहरुको लगानी नभएको यस शोध अध्ययनले देखायो ।

लगानीको आपूर्ति सिद्धान्त अनुसार सामुदायिक विद्यालयको सम्पूर्ण शैक्षिक खर्चको व्यवस्था सरकारले गर्दछ । शिक्षकको तलव भत्ता प्रशासनिक खर्च, व्यवस्थापन एवम् मसलन्द समेत सरकारको जिम्मामा रहेको हुन्छ तर विद्यालयमा सञ्चालित बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको पारिश्रमिक र मसलन्द मात्र सरकारले व्यवस्था गरेको पाइन्छ । लगानीको माँग पक्ष अनुसार शिक्षा माँग वढ्दै गएकोले माँग अनुसार सरकारले प्रयाप्त लगानी गर्न सकेको छैन । विद्यालयको अध्ययन गरिरहेका विद्यार्थीहरुलाई दलित छात्रवृति, छात्रा छात्रवृति तथा विशुद्ध प्राथमिक विद्यालयमा दिवा खाजाको व्यवस्था समेत सरकारको लगानी गरेको पाइयो तर उक्त विद्यालयमा रहेका बालविकास केन्द्रमा अध्ययन गरिरहेका बालवालिकाहरुलाई छात्रवृति तथा खाजाको व्यवस्थामा सरकारले लगानी गरेको पाइएन ।

## ४.२. बालविकास केन्द्रमा गरिएको लगानीले पारेको प्रभाव

विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा गरिएको लगानीको विश्लेषण गर्दा बालविकास केन्द्रको भौतिक पक्ष, शैक्षिक पक्ष तथा सहयोगी कार्यकर्ताको व्यवस्थापनमा समेत प्रभाव पारेको देखिन्छ। जुन तल उल्लेख गरिएको छ।

### ४.२.१. भौतिक पक्ष

बालविकास केन्द्रमा गरिएको लगानीले भौतिक पक्षमा पारेको प्रभाव निम्नअनुसार उल्लेख गरिएको छ।

**भवन**

विद्यालयमा आधारित बालविकास केन्द्रहरुको स्थलगत अध्ययनवाट हेर्दा आफ्नो छुट्टै भवन देखिएन। नमुना छनौटमा परेका बालविकास केन्द्र विद्यालयले नै उपलब्ध गराएको भवनमा सञ्चालन छन्। विद्यालयवाट उपलब्ध भएको अव्यवस्थित कक्षाकोठा प्रयोग गरिएको छ।

**फर्निचर**

विद्यालयमा आधारित बालविकास केन्द्र अध्ययन गर्न बालवालिकाको सुविधायुक्त वसाई व्यवस्थापन दखिएन। साना बालवालिकाहरुको लागि उपयुक्त बेञ्च डेस्कको अभाव साथै बच्चाहरुको लागि बस्ने कार्पेटको अभाव देखियो। नमुना छनौटमा परेका श्री प्रबुद्ध उ.मा.वि. च्यानाम बालविकास केन्द्रमा कार्पेटको व्यवस्था गरेको पाइयो। वाँकी ७ वटा बालविकास केन्द्रमा बेञ्च, डेक्सको व्यवस्था गरेको पाइयो।

**खेल मैदान**

बालविकास केन्द्रहरुको सुरक्षित छुट्टै खेल मैदान नरहेको पाईयो। विद्यालयकै खेल मैदान बालविकास केन्द्रहरुले प्रयोग गरिएको देखियो।

**शौचालय**

विद्यालयमा आधारित बालविकास केन्द्रहरुको स्थलगत अध्ययनवाट शौचालय सवै केन्द्रमा भए पनि बालवालिकाको उमेर अनुसार सुविधायुक्त छुट्टै शौचालय नभएको देखियो । बालविकास केन्द्रमा अध्ययन गर्ने बालवालिकाहरु विद्यालयकै शौचालय प्रयोग गरिएको देखिन्छ ।

यसरी बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार पुरा हुन नसकेका कारणहरुमा प्रारम्भिक बालविकास सम्वन्धि निर्देशिका २०६१ को कडाईका साथ जि.शि.का. वाट पालना नगराइनु विद्यालयमा श्रोत साधनको कमी, बालविकास केन्द्रहरुमा लगानीको अभाव तथा बाल विकास केन्द्र प्रति सम्वन्धित अभिभावकहरुको उदासिन देखियो ।

### ४.२.२. शैक्षिक पक्ष

बालविकास केन्द्रमा गरिएको लगानीले शैक्षिक पक्षमा पारेको प्रभाव निम्नअनुसार उल्लेख गरिएको छ ।

**विद्यार्थी भर्ना**

कुनै पनि विद्यालयको बालविकास केन्द्रमा शैक्षिक सत्रको शुरुमा अथवा तोकिएको भर्ना समयमा भर्ना भएको बालवालिका वा विद्यार्थी त्यस कक्षाका कुल विद्यार्थी हुन जान्छ । यसरी भर्ना भएका वालवालिकालाई कुल भर्ना दरलाई सरदर भर्ना दर भनिन्छ । बालविकास कार्यक्रममा ३ देखि ५ वर्ष उमेर पुगेका बालवालिकाहरु भर्ना गरिन्छ । नमुना छनौटमा परेका बालविकास केन्द्रमा शैक्षिक सत्र २०६७,२०६८ र २०६९ का विद्यार्थी भर्ना विवरण तलको तालिकामा देखाईएको छ ।

तालिका नं. :- ४.३ विद्यार्थी भर्ना विवरण :

| क्र.सं | विद्यालयको नाम | शैक्षिक सत्र | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६७ | | | २०६८ | | | २०६९ | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री सुनकोशी उ.मा.वि.,बलखु | 10 | 12 | 22 | 11 | 13 | 24 | 12 | 14 | 26 | 72 |
| २. | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | 8 | 7 | 15 | 9 | 8 | 17 | 11 | 7 | 18 | 50 |
| ३. | श्री आरुभञ्ज्याङ नि.मा.वि.,बलखु | 6 | 6 | 12 | 8 | 5 | 13 | 7 | 8 | 15 | 40 |
| ४. | श्री जनजागृति प्रा.वि.,सिस्नेरी | 5 | 6 | 11 | 6 | 6 | 12 | 8 | 5 | 13 | 36 |
| ५. | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | 10 | 13 | 23 | 11 | 10 | 21 | 8 | 12 | 20 | 64 |
| ६. | श्री चौतारा मा.वि.,मूलखर्क | 9 | 8 | 17 | 7 | 8 | 15 | 9 | 5 | 14 | 46 |
| ७. | श्री भिमसेन प्रा.वि.,कटुन्जे | 11 | 7 | 18 | 10 | 7 | 17 | 9 | 7 | 16 | 51 |
| ८. | श्री जगतजनकी प्रा.वि., च्यानाम | 7 | 6 | 13 | 7 | 5 | 12 | 5 | 6 | 11 | 36 |
| | जम्मा | 66 | 65 | 131 | 69 | 62 | 131 | 69 | 64 | 133 | 395 |

(श्रोत स्थलगत अध्ययन- २०७०)

माथि उल्लेखित विद्यार्थी भर्ना विवरणवाट विद्यालयमा आधारित बालविकास केन्द्रमा बालवालिकाको भर्ना दरमा सिस्नेरी श्रोतकेन्द्रमा २०६८ मा १०% ले र २०६९ मा पनि १०% बढेको र च्यानाम श्रोतकेन्द्रमा २०६८ मा ८.४% ले र २०६९ मा ६.१% ले भर्ना दर कमि आएको देखिन्छ। सिस्नेरी श्रोतकेन्द्रमा भन्दा च्यानाम श्रोतकेन्द्रमा संस्थागत विद्यालय वढी भएको तथा आर्थिक सम्पन्नताका कारण संस्थागत विद्यायमा भर्ना गरेको देखिन्छ। जसको कारण सिस्नेरी श्रोतकेन्द्रमा बालविकास केन्द्रमा भर्ना दर बढेको देखिन्छ भने च्यानाम श्रोतकेन्द्रमा भर्नादरमा कमि आएको देखिन्छ।

### तह पूरा गर्ने

विद्यालयमा आधारित बालविकास कार्यक्रममा अध्ययन गर्ने बालवालिकाहरुले १ वर्ष अध्ययन गरेपछि कक्षा १ मा भर्ना भएका बालवालिकाहरुलाई तह पूरा गरेको वुझिन्छ। बालविकास केन्द्रमा तह पूरा गरेका बालवालिकाको विवरण यस प्रकार छन् :

तालिका नं. :- ४.४ तह पुरा गर्ने बालवालिकाको विवरण :

| क्र.सं | विद्यालयको नाम | शैक्षिक सत्र | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६७ | | | २०६८ | | | २०६९ | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री सुनकोशी उ.मा.वि.,बलखु | 7 | 10 | 17 | 10 | 11 | 21 | 10 | 12 | 22 | 60 |
| २. | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | 6 | 5 | 11 | 8 | 7 | 15 | 10 | 5 | 15 | 41 |
| ३. | श्री आरुभञ्ज्याङ नि.मा.वि.,बलखु | 5 | 4 | 9 | 7 | 4 | 11 | 5 | 7 | 12 | 32 |
| ४. | श्री जनजागृति प्रा.वि.,सिस्नेरी | 4 | 4 | 8 | 6 | 4 | 10 | 7 | 4 | 11 | 29 |
| ५. | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | 9 | 10 | 19 | 10 | 9 | 19 | 7 | 10 | 17 | 55 |
| ६. | श्री चौतारा मा.वि.,मूलखर्क | 6 | 7 | 13 | 6 | 6 | 12 | 8 | 3 | 11 | 36 |
| ७. | श्री भिमसेन प्रा.वि.,कटुन्जे | 7 | 4 | 11 | 7 | 5 | 12 | 6 | 6 | 12 | 35 |
| ८. | श्री जगतजनकी प्रा.वि., च्यानाम | 5 | 4 | 9 | 5 | 4 | 9 | 4 | 5 | 9 | 27 |
| | जम्मा | 49 | 48 | 97 | 59 | 50 | 109 | 57 | 52 | 109 | 315 |

(श्रोत : स्थलगत अध्ययन- २०७०)

माथि उल्लेखित तह पूरा गर्ने बालवालिकाहरुको विवरणवाट शैक्षिक सत्र २०६८ मा सबभन्दा बढि बालवालिकाहरु तह पूरा गरेको छन् भने शैक्षिक सत्र २०६७ मा सवभन्दा कम बालवालिकाहरुले तह पूरा गरेका छन् । शैक्षिक सत्र २०६९ मा १३३ जना वालवालिका भर्ना भएका थिए । यसरी नमुना छनौटमा परेका वालविकास केन्द्रमा शैक्षिक सत्र २०६९ मा २४ जना (१८.०५%) बालवालिकाले कक्षा १ मा भर्ना भएनन अर्थात तह पूरा गरेको देखिएन । उक्त वालविकास केन्द्रहरुमा १०९ जना (८१.९५%) मात्र बालवालिकाहरु तह पूरा गरेको पाइयो ।

**कक्षा छाड्ने**

कक्षामा भर्ना भई बीचैमा वा अन्त्यमा कक्षा छाडी घर वस्ने वा अन्यत्र जाने विद्यार्थीलाई कक्षा छाड्ने भनिन्छ। विद्यालयमा आधारित बालविकास केन्द्रहरुमा कक्षा छाड्ने बालवालिकाहरुको विवरण यस प्रकारका छन् :

तालिका नं. :- ४.५ कक्षा छाड्ने बालवालिकाको विवरण :

| क्र.सं | विद्यालयको नाम | शैक्षिक सत्र | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६७ | | | २०६८ | | | २०६९ | | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | |
| १. | श्री सुनकोशी उ.मा.वि.,बलखु | 3 | 2 | 5 | 1 | 2 | 3 | 2 | 2 | 4 | 12 |
| २. | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | 2 | 2 | 4 | 1 | 1 | 2 | 1 | 2 | 3 | 9 |
| ३. | श्री आरुभञन्ज्याङ नि.मा.वि.,बलखु | 1 | 2 | 3 | 1 | 1 | 2 | 2 | 1 | 3 | 8 |
| ४. | श्री जनजागृति प्रा.वि.,सिस्नेरी | 1 | 2 | 3 | 0 | 2 | 2 | 1 | 1 | 2 | 7 |
| ५. | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | 1 | 3 | 4 | 1 | 1 | 2 | 1 | 2 | 3 | 9 |
| ६. | श्री चौतारा मा.वि.,मूलखर्क | 3 | 1 | 4 | 1 | 2 | 3 | 1 | 2 | 3 | 10 |
| ७. | श्री भिमसेन प्रा.वि.,कटुन्जे | 4 | 3 | 7 | 3 | 2 | 5 | 3 | 1 | 4 | 16 |
| ८. | श्री जगतजनकी प्रा.वि., च्यानाम | 2 | 2 | 4 | 2 | 1 | 3 | 1 | 1 | 2 | 9 |
| | जम्मा | 17 | 17 | 34 | 10 | 12 | 22 | 12 | 12 | 24 | 80 |

(श्रोत : स्थलगत अध्ययन- २०७०)

माथि उल्लेखित कक्षा छाड्ने बालवालिकाहरुको विवरणवाट शैक्षिक सत्र २०६७ मा सवभन्दा वढी वालवालिकाहरु कक्षा छाड्ने छन् भने शैक्षिक सत्र २०६८ मा सवभन्दा कम वालवालिकाहरु कक्षा छाडेका छन्। कक्षा छाड्ने बालवालिकाहरु राष्ट्रका लागि ठूलो घाटाको रुपमा देखा पर्ने पक्का छ। बालविकास कार्यक्रममा

गरिएको लगानीवाट पनि कक्षा छाड्ने दरमा प्रभाव पारेको देखिन्छ । तसर्थ यस्तो अवस्थामा सरकारले गरिएको लगानीले सैद्धान्तिक लक्ष्य समेत हासिल गर्न सक्दैन । त्यसैले नेपालले विश्व सामु बालविकास तथा अधिकारका वारेमा गरेको प्रतिवद्धता र सम्पूर्ण लगानीको समेत दुरुपयोग हुन नदिन सरोकारवालाहरु वेलैमा सचेत हुनुपर्ने देखिन्छ ।

### ४.२.३. सहयोगी कार्यकर्ता

बालवालिकाहरुका विकासका गतिहरुको मापन गर्न नयाँ नयाँ व्यवहार र क्रियाकलापहरु निर्माण गर्न तथा वालविकास मानव विकासका सिद्धान्त अनुरुप सञ्चालन गर्न शिक्षकको अहम् भूमिका हुन्छ । बालविकास केन्द्रको शैक्षिक गुणस्तर वृद्धि गर्न सहजकर्ताको दक्षता, लगनशीलता, विविध कृयाकलाप सञ्चालन गर्ने सीप, नैतिकता, इमान्दारीता, व्यवहारिकतामा निर्भर रहन्छ । नमुना छनौटमा परेका बालविकास केन्द्रहरुको सहयोगी कार्यकर्ताको विवरण अनुसूची ७ मा देखाईएको छ ।

विद्यालयमा आधारित बालविकास केन्द्रहरुका सहयोगी कार्यकर्ताहरुको योग्यतामा एकरुपता देखिएको छैन । सहयोगी कार्यकर्ताहरुको नियुक्ति कुनै बालविकास केन्द्रमा विद्यालय व्यवस्थापन समितिको निर्णय प्रकृयावाट भएको छ भने कुनै बालविकास केन्द्रमा विज्ञापन गरी लिखित र मौखिक परीक्षा अपनाई नियुक्ति गरिएको छ । नमुना छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको पूर्ण तालिमको अभाव देखिएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक जिल्ला शिक्षा कार्यालयले विद्यालय खातामा पठाउँछ र विद्यालयले मासिक रुपमा रु. ३,०००।- भुक्तानी दिने गरिन्छ । पारिश्रमिक धेरै न्यून भएकोले बालविकास केन्द्रहरुमा सहयोगी कार्यकर्ताहरुको सेवाको निरन्तरता देखिएन । बालविकास केन्द्रमा अध्ययन गर्ने बालवालिकाहरुको शिक्षण सिकाई प्रभावकारी नहुनु, बीचमै कक्षा छाड्ने दर उच्च हुनु, भर्ना दरमा कमी हुनु प्रमुख कारण हो सहयोगी कार्यकर्ताको पारिश्रमिक कम हुने, तालिम प्राप्त नहुनु, योग्यतामा एकरुपताको अभाव रहेको देखिन्छ ।

लगानी आपूर्ति सिद्धान्त अनुसार शिक्षाको सम्पूर्ण खर्च सरकारले व्यहोर्नु पर्छ जुन हाम्रो जस्तो विकासोन्मुख देशको लागि समस्याको रुपमा रहेको देखिन्छ र सिद्धान्तसँग मेल खाएको देखिदैन । त्यसैले यहाँ विद्यालय शिक्षामा लगानीको माँग पक्ष सिद्धान्तमा आधारित भई लगानी गर्नुपर्छ । यस सिद्धान्त अनुसार शिक्षा लिनेले शैक्षिक खर्च तिर्नुपर्छ । विद्यालयमा आधारित बालविकास केन्द्रको लगानीको आपूर्ति सिद्धान्तमा आधारित भनिए तापनि शिक्षाको माँग अनुसार सरकारले लगानी वृद्धि नगरेको हुनाले बालविकास केन्द्रहरुको भवन, फर्निचर, शौचालय र खेल मैदान विद्यालयले नै उपलब्ध गराएको यस अध्ययनमा पाईयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिने लगानी वृद्धि गर्ने उपायहरुमा बालविकास केन्द्रकालागि छुट्टै बजेट विनियोजन गर्नुपर्छ । बालविकास केन्द्र प्रति सरोकारवालाहरुको जिम्मेवारी बढाउनु पर्दछ । बालकिवास केन्द्रमा स्थानीय निकायको सहभागिता वृद्धि गुर्नपर्दछ । बालविकास केन्द्रमा गैर सरकारी संघ संस्थाको सहयोग लिनु पर्छ ।

## ४.३. बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएको समस्याहरु

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएको समस्याहरुवारे प्रधानाध्यापक, अभिभावक, सहयोगी कार्यकर्ता, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक, श्रोत व्यक्ति र जिल्ला शिक्षा अधिकारीको प्रतिकृया विश्लेषण गर्दा समग्रमा निम्न लिखित समस्या देखिन्छ ।

### ४.३.१. व्यवस्थापन समिति

प्रारम्भिक बालविकास सञ्चालन सम्बन्धि निर्देशिका (२०६१) ले गरेको व्यवस्था अनुसार व्यवस्थापन समितिका पदअधिकारीहरुको छनोट गर्न पाउने व्यवस्था भएपनि विद्यालयमा आधारित बालविकास केन्द्रमा स्थलगत अध्ययन गर्दा कुनै पनि बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन देखिएन । विद्यालयमा कक्षा व्यवस्थापन उपसमिति गठन भएको देखियो  अभिभावकको कम उपस्थिति हुने देखियो । कक्षा व्यवस्थापन उपसमिति गठन भएको तर कागजमा मात्रै सीमित

रहेको देखियो । विद्यालयमा उपस्थित नहुने र खासै सहयोग नगरेको कारणले बालविकास केन्द्रहरुकोव्यवस्थापन ज्यादै कमजोर देखिएको छ ।

### ४.३.२. भवन/कक्षा कोठा

शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसार बालविकास केन्द्र सञ्चालनका लागि ५ वटा पूर्वाधारमध्ये पहिलो पूर्वाधार हो फराकिलो, खुल्ला, शान्त, सुरक्षित भवन भएको हुनुपर्छ । स्थलगत अध्ययनको आधारमा नमुना छनौटमा परेका बालविकास केन्द्रहरुको छुट्टै भवन देखिएन । विद्यालयले नै उपलबध गराएको भवनमा कक्षा सञ्चालन गरेको पाइयो ।

बालविकास केन्द्रहरुमा भौतिक व्यवस्थापन गर्नुका लागि सरकारले आर्थिक लगानी गरिएको छैन । तसर्थ भौतिक व्यवस्थापन गर्न बालविकास केन्द्रमा आर्थिक लगानी गरिनु पर्ने आवश्यक देखिन्छ । त्यसैले लगानी सम्वन्धि स्पष्ट नीति ल्याउन जरुरी देखियो ।

### ४.३.३. खेल मैदान

शिक्षा नियमावली २०५९ को नियम ६८ अनुसार बालविकास केन्द्रको भवन वाहेक कम्तीमा आधा रोपनी जग्गा भएको खेल मैदान र बाल उद्यानको व्यवस्था हुँदा हुँदै पनि नमुना छनोटमा परेका बालविकास केन्द्रहरुमा छुट्टा छुट्टै खेल मैदान पाइएको देखिएन । विद्यालयकै खेल मैदान प्रयोग गरेको पाईयो । तर बालवालिकाहरुको लागि सुरक्षित खेल मैदान देखिएन ।

### ४.३.४. शैक्षिक सामाग्री/खेल सामाग्री

मन्टेसरीको विचार अनुसार बालवालिकालाई गीत, खेलकुद तथा शैक्षिक सामाग्रीहरुको कृयाकलापद्वारा सिकाईमा बालवालिकाहरुमा अन्तर निहीत गुणको स्वतः स्फूरण हुन्छ । नमुना छनौटमा परेका बालविकास केन्द्रहरुमा सिकाई तथा खेल सामाग्रीहरु पर्याप्त मात्रामा उपलब्ध भएको पाइएन । यसको मूल कारण हो सरकारले बालविकास केन्द्रको लागि बार्षिक मसलन्दको रुपमा रु. १,०००।- लगानी

गरिएको छ जुन पर्याप्त छैन  अर्को मूल कारण हो सम्वन्धित सहजकर्ताहरुले तालिम पश्चात शैक्षिक सामाग्रीहरुको निर्माणमा ध्यान नदिनु र सामाग्रीहरुको निर्माणमा समुदायका सीपयुक्त व्यक्तिहरु पहिचान गरी तिनको उपयोग नगरिनु ।

### ४.३.५. सहयोगी कार्यकर्ताको तालिम

विद्यालयमा आधारित बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुको प्राय: तालिमको अभाव देखिन्छ । सरकारी अनुदानको कमीले गर्दा सहयोगी कार्यकर्ताहरु न्यून पारिश्रमिकमा काम गरी रहेको छन् । सहयोगी कार्यकर्ताहरुमा पुर्नताजगी तालिमको व्यवस्था हुनु नसक्नु, सहयोगी कार्यकर्ता केन्द्रमा नियमित नआउनु, सहयोगी कार्यकर्ताको तालिमको अभाव आदि प्रमुख समस्या हुन् ।

### ४.३.६. अभिभावकहरुको नियमित अनुगमन

शिक्षा र चेतनाको अभावको कारणले अभिभावकले के भन्छ कि विद्यालयमा आधारित बालविकास केन्द्र सरकारको हो यसको रेखदेख र अनुगमन सरकारले मात्र गरे पुग्दछ र बालविकास केन्द्रमा गरिएका लगानी दुरुपयोग भयो भने सरकारले छानविन गरोस् हामीलाई के को मतलव यसरी बालविकास कार्यक्रममा अभिभावकहरुको नियमित अनुगमनको समस्या देखियो । बालकिास कार्यक्रममा अभिावकहरुवाट आर्थिक लगानी नभएकोले बालविकास प्रति अभिभावकको चासो देखिएन । स्थलगत अध्ययनवाट अभिभावकहरुले बालविकास केन्द्रहरुको नियमित अनुगमन भएको पाइएन ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको माँग पक्ष सिद्धान्तमा आधारित रहेको देखिन्छ । यस सिद्धान्तका आधारमा समाजका अभिभावक व्यक्ति, घर परिवार, समुदाय र व्यवसायिक समाजमा सम्मिलित सरोकारवालाहरुले लाभको विश्लेषण गरी शिक्षाको माँग गर्दछन् । त्यसैले शिक्षामा खर्च जुटाउने प्रकृया लागत साझेदारीमा आधारित हुनु पर्दछ ।

यस अवस्थामा लक्षित समूहको पहुँच सुनिश्चित नहुन सक्छ । क्षेत्रीय, वर्गीय र लैंगिक रुपमा सन्तुलन ल्याउन कठीन हुन सक्छ । शिक्षाको वढ्दो विस्तारसँग

सरकारले एकलैले शैक्षिक खर्च जुटाउन नसक्ने अवस्था रहन्छ । उपलब्ध श्रोतको अधिकतम् उपयोग नहुन पनि सक्छ । शिक्षा उपभोक्तामुखी नहुन सक्छ । यी समस्याहरु यस अध्ययनमा रहेको पाइयो । त्यसैले यो शोध अध्ययन यस सिद्धान्तसँग मेल खाएको छ । विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानीमा देखिएका समस्याहरुमा बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन नभएको, भौतिक व्यवस्थापन (भवन, कक्षा कोठा, शौचालय, खेल मैदान) राम्रो नभएको, बालविकास केन्द्रमा शैक्षिक खेलकुद सामाग्री पर्याप्त मात्रामा उपलब्ध नभएको, बाल विकास केन्द्रमा अध्ययन गर्ने सहयोगी कार्यकर्ताहरु पूर्ण रुपमा तालिम प्राप्त नभएको, सहयोगी कार्यकर्ताको न्यून पारिश्रमिक हुनु, वैकल्पिक आर्थिक श्रोतको खोजी नगर्नु, सहयोगी कार्यकर्ताले विद्यालय छोड्ने समस्या, अभिभावकहरु तथा जिल्ला शिक्षा कार्याालय नियमित अनुगमन र निरीक्षणको कमी जस्ता समस्या हरु यस शोध अध्ययनमा पाईयो ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको आपूर्ति सिद्धान्तमा आधारित रहेको छ । यस सिद्धान्तका समस्याको रुपमा क्षमता र समानताका आधारमा समाजका सवै वर्गहरुले लगानीको उपयोग गर्न नपाउने अवस्था रहन्छ । लक्षित समूहको पहुँच सुनिश्चित नहुन सक्दछ । क्षेत्रीय, वर्गीय, भौगोलिक रुपमा सन्तुलन ल्याउन कठिन हुन सक्छ । लगानीलाई कार्य कुशलतासँग मापन गर्न नसकिने अवस्था सिर्जना हुन सक्छ । शिक्षाको वढ्दो विस्तारसँगै सरकार एकलैले शैक्षिक खर्च जुटाउन नसक्ने अवस्था रहन्छ । उपलब्ध साधन श्रोतको अधिकतम् उपयोग नहुन पनि सक्छ । शिक्षा उपभोक्तामुखी नहुन सक्छ । त्यसैले यी सवै समस्याहरु यस शोध अध्ययनमा रहेको पाइयो । अतः यो शोध अध्ययन यस सिद्धान्तसँग मेल खान्छ । विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीमा देखिएका समस्याहरुमा बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन नभएको, भवन, खेल मैदान, शैक्षिक सामग्री, खेल सामाग्री, सहयोगी कार्यकर्ताको तालिम, बालविकास केन्द्रमा अभिभावकको लगानी नरहेको तथा अभिभावकहरुको नियमित अनुगमनको अभाव जस्ता समस्याहरु यस शोध अध्ययनमा पाईयो ।

## ४.४. बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानको उपायहरु

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानका उपायहरु सम्वन्धमा प्रधानाध्यापक, सहयोगी कार्यकर्ता, अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यालय निरीक्षक, श्रोत व्यक्ति र जिल्ला शिक्षा अधिकारीको प्रतिकृया विश्लेषण गर्दा तल उल्लेखित उपायहरु देखिन्छन् ।

### ४.४.१. बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन

शिक्षाको विकास सरकारी पक्षबाट मात्र सम्भव हुदैन त्यसकारण शिक्षमा सवै क्षेत्रको जनसहभागिता जुटाउन आवश्यक छ । बालबालिकाका विकासका लागि विभिन्न किसिमका स्रोतहरुको आवश्यक छ । यस्ता श्रोतहरु प्राकृतिक, भौतिक र मानवीय श्रोतहरुलाई मूख्य रुपमा लिन सकिन्छ । यस्ता श्रोतहरुको अभावमा बालबालिकाको विकास अवरुद्ध हुन सक्छ । अतः बालबालिकाको विकासका लागि आर्थिक श्रोत संकलन, भौतिक संरचनाको निर्माण तथा मूल्यांकन र अनुगमन गर्न बालविकास केन्द्र व्यवस्थापन समितिको आवश्यकता पर्दछ । विद्यालयमा आधारित बालविकास केन्द्रको छुट्टै व्यवस्थापन समितिको आवश्यकता पर्दछ । छनौटमा परेका ८ वटा वालविकास केन्द्रमा अध्ययन गर्दा कुनै पनि वालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन नभएको पाइयो । विद्यालयमा कक्षा व्यवस्थापन उप समिति गठन भएको तर काम नगरेको पाइयो । जसले गर्दा बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापनमा अप्ठ्यारो भएको पाइयो । अतः सामुदायिक विद्यालयद्वारा सञ्चालित सम्पुर्ण बालविकास केन्द्रहरुलाई दिगो रुपले सञ्चालन एवम् व्यवस्थापन गर्न प्रारम्भिक बालविकास कार्यक्रम निर्देशिका २०६१ कडाईको साथ जि.शि.का.बाट लागु गर्नु पर्ने देखिन्छ ।

### ४.४.२ भौतिक व्यवस्थापनमा जोड

बालविकास केन्द्रहरुको भौतिक व्यवस्थापन पक्षमा जग्गा, भवन, फर्निचर, खेल मैदान, शौचालय र खानेपानी पर्दछ । बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार खडा गर्नका लागि आवश्यक जग्गा जमीन गा.वि.स./न.पा., स्थानीय दाता वा

विद्यालयवाट प्राप्त गर्न सकिन्छ । यी तीन श्रोतवाट जग्गा प्राप्त गर्न नसकेको अवस्थामा न्यूनतम् मूल्य राखी जग्गा खरीद गर्न सकिन्छ । भवन निर्माणका सन्दर्भमा गा.वि.स. ⁄ न.पा. र जि.वि.स. र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको सहयोगमा स्थानीय जनसमुदायले बालविकास केन्द्रको भवन निर्माण गर्नुपर्दछ । यसरी नै फर्निचर, खेल मैदान, शौचालय र खोनपानीको व्यवस्था यी नियकाहरुकै सहयोगमा स्थानीय जनसमुदायले नै गर्नु पर्दछ ।

### ४.४.३. आम्दानीका वैकल्पिक श्रोतको खोजी

बालविकास केन्द्रहरुलाई आर्थिक रुपमा दिगो वनाउका लागि विभिन्न सम्भाव्य श्रोतहरुको पहिलचान गरी आर्थिक श्रोत जुटाउनु पर्दछ । ती श्रोतहरु समुदायका मानिसहरु प्रायः नगद वा जिन्सीवाट विभिन्न शुल्कका रुपमा अभिभावकहरुका तर्फवाट नियमित आर्थिक सहयोग, गा.वि.स. ⁄ न.पा. वाट एकमुष्ट अनुदान, स्थानीय कर, समुदायमा आधारित संस्थाहरुवाट चन्दा, विद्यालयवाट आर्थिक सहयोग, विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट आर्थिक सहयोग र नेपाल सरकारवाट नियमित आर्थिक अनुदानको वृद्धि गरेर आम्दानीका वैकल्पिक श्रोतहरुको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

### ४.४.४.बालविकास कार्यक्रम प्रति अभिभावकहरुको शिक्षा र चेतनामा अभिवृद्धि

विद्यालयमा आधारित बालविकास केन्द्रहरुलाई द्रुत गतिमा दिगो रुपमा विस्तार गर्नका लागि अभिभावकहरुको मनोवृत्तिमा सकारात्मक परिवर्तन ल्याउनु पर्दछ । यसका लागि अभिमूखीकरण कार्यक्रम, अभिभावक शिक्षा, बाल अभिभावक पहुँच कार्यक्रम, घर दैलो कार्यक्रम, सडक नाटक, बाल र्‍याली, बालविकास कार्यक्रम सहितको अनौपचारिक शिक्षा कार्यक्रम तथा आम सञ्चारका साधनहरुको प्रयोग जस्ता विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेर अभिभावकहरुको शिक्षा र चेतनामा अभिवृद्धि गरिन्छ भन्ने यो अध्ययनको ठहर रहेको छ ।

### ४.४.५. सहयोगी कार्यकर्ताको पेशागत दक्षता बढाएर

विद्यालयमा आधारित बालविकास केन्द्रमा अधिकांश सहयोगी कार्यकर्ता तलिम प्राप्त छैनन । जसले गर्दा उनीहरुको शिक्षण सिकाई गर्ने विधि, शैक्षिक सामाग्री संकलन र निर्माण तथा उपयुक्त वातारण सृजना गर्नमा कमी कमजोरी रहेको यस शोध अध्ययनमा पाइयो । त्यसैले सहयोगी कार्यकर्तालाई समय समयमा पेशागत दक्षता वृद्धि गर्न तालिम दिनुपर्छ । उनीहरुको क्षमता वृद्धि गर्न एउटा प्रभावकारी, सुसंगठीत र उपयुक्त तालिम प्रणालीको विकास गर्नु अनिवार्य देखिन्छ । यस अन्तर्गत केन्द्रिय तहमा विशेषज्ञहरुको समूह निर्माण गर्न सकिन्छ । जिल्ला तहमा गुरु प्रशिक्षक समूहको व्यवस्था गर्नु पर्दछ । साथै सहयोगी कार्यकर्ताहरुको पेशालाई मर्यादीत एवम् पेशाप्रति आकर्षण वृद्धि गर्न अन्तर्राष्ट्रिय श्रमिक संगठनको सिद्धान्त अनुसार पारिश्रमिकको व्यवस्था, उनीहरुको मूल्यांकनको आधारमा उपयुक्त पुरस्कारको व्यवस्था एवम् सेवा सुविधाको सुनिश्चिततामा जोड दिनुपर्ने देखिन्छ ।

### ४.४.६. बाल विकास केन्द्रमा योजना निर्माण र कार्यान्वयन

विद्यालयमा आधारित बालविकास केन्द्रहरुको वार्षिक कार्य योजना र कार्यान्वयनमा कमी देखियो जसले गर्दा गरिएको लगानी उचित तरिकाले प्रयोग भईरहेको अवस्थामा भेटिएन । विना योजना शैक्षिक गतिविधि सञ्चालन गर्दा श्रम र अर्थ दुवै खेर जान्छ । अतः बालविकास केन्द्रहरु सञ्चालन भएको विद्यालयले नै बालविकास केन्द्र सम्वन्धी शैक्षिक तथा आर्थिक योजना निर्माण गरी त्यसको समयमा नै कार्यान्वयन गर्नु पर्ने देखिन्छ । साथै योजना तर्जुमा गर्दा स्थानीय लक्षित समूहलाई समेत संलग्न गराउनु पर्दछ ।

### ४.४.७. अनुगमन तथा निरीक्षण

कुनै पनि कामको स्थिति, परिवेश, अवस्था र त्यसको प्रभावकारीताको लेखाजोखा गर्नु, जाँच वुझ गर्नु निरीक्षण हो । शैक्षिक क्षेत्रको सन्दर्भमा निरीक्षण भन्नाले सम्पूर्ण शैक्षिणिक, प्रशासनिक क्षेत्रको लेखाजोखा र मूल्यांकनसँग समेत सम्वन्ध राख्दछ । नमुना छनौटमा परेका वालविकास केन्द्रका स्थलगत अध्ययन गर्दा बालविकास केन्द्रहरुको अभिभावकहरु एवम् सरकोकारवालाहरुबाट नियमित अनुगमन तथा

निरीक्षणको व्यवस्था देखिएन  बालविकास केन्द्रहरुको प्रभावकारी अनुगमन र निरीक्षण, पृष्ठ पोषण जस्ता पक्षहरुको समुचित र संतुलित विकासका लागि श्रोत व्यक्तिहरुलाई वा विद्यालय निरीक्षकहरुलाई सामान्य अवधारणाले होइन बरु विशषज्ञहरुको अवधारणा अनुसार परिचालन गर्नुपर्ने देखिन्छ । साथै विकेन्द्रिकरणको नीति अुनसार विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक अभिभावक संघ समेतलाई महिनमा एक पटक अनुगमन र निरीक्षण गर्नुपर्ने देखिन्छ ।
विद्यालयमा आधारित बालविकास केन्द्रमा गरएको लगानी लगानीको आपूर्ति सिद्धान्तमा आधारित रहेको छ । यस सिद्धान्त अनुसार बालविकास केन्द्रमा गरिएका लगानीका समस्याहरु समाधानको लागि समता र समानताका आधारमा समाजका सवै सदस्यहरुले लगानीको उपभोग गर्न पाउने व्यवस्था गर्नुपर्छ । लक्षित समूहको पहुँच सुनिश्चित गर्नुपर्छ । क्षेत्रीय, वर्गीय, भौगोलिक रुपमा सन्तुलन कायम गर्नुपर्छ । शिक्षाको वढ्दो विस्तारसँग सरकारले शैक्षिक खर्च वढाउनु पर्छ । उपलब्ध साधान श्रोतको अधिकतम् उपयोग गर्न पहल गर्नुपर्छ । शिक्षालाई उपभोक्तामुखी वनाउनुपर्छ । यी समाधानका उपायहरु पनि अपनाउनु पर्ने यस अध्ययनमा पाइयो । त्यसैले यो शोध अध्ययन यस सिद्धान्तसँग मेल खाएको देखिन्छ ।

विद्यालयमा आधारित बालविकास केन्द्रमा गरिएको लगानीको समस्या समाधानका उपायहरुमा बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समितिको गठन अनिवार्य गर्नुपर्ने, भौतिक व्यवस्थापन पक्षमा जोड दिनुपर्ने, आम्दानीका वैकल्पिक श्रोतको खोजी गर्नुपर्ने, बालविकास कार्यक्रम प्रति अभिभावकहरुको शिक्षा र चेतनामा अभिवृद्धि गरिनुपर्ने, सहयोगी कार्यकर्ताको पेशागत दक्षता, समयको माँग अनुसार पारिश्रमिकमा वृद्धि गर्नुका साथै सेवा सुविधाको सुनिश्चितता गर्नुपर्ने, बालविकास केन्द्रको योजना निर्माण र कार्यान्वयन तथा प्रभावकारी रुपमा बालविकास केन्द्रको नियमित अनुगमन र निरीक्षण गर्नु रहेको यस शोध अध्ययनमा पाईयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझावहरु

## ५.१. निष्कर्ष

प्राथमिक तथा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित गरी विकास गर्नका लागि प्रारम्भिक बालविकास दिग्दर्शन (पाठ्यक्रम) २०६२ तयार गरी प्रयोगमा ल्याउने ब्यवस्था गरेको छ । उक्त पाठ्यक्रमले विविध किसिमका मनोरञ्जनात्मक शिक्षण सिकाई कियाकलापका माध्यमबाट ३ र ४ वर्ष उमेर समूहका सम्पूर्ण बालवालिकाहरुको सर्वाङ्गीण विकास गरी उनीहरुलाई प्राथमिक विद्यालयका लागि तयार गराउने उद्देश्य लिईएको छ । यसका ५ वटा मूख्य उद्देश्यहरु जस्तै बालवालिकाहरुलाई बौद्धिक, मानसिक, शारीरिक, संवेगात्मक, सामाजिक, नैतिक र सिर्जनात्मक विकासको अवसर प्रदान गर्ने उनीहरुलाई सरसफाई र सुरक्षा सम्बन्धी बानी बसाल्न प्रेरित गर्ने, उनीहरुलाई सामान्य शिष्टाचार गर्न अभिप्रेरित गर्ने, उनीहरुलाई प्राथमिक शिक्षाका लागि तयारी गर्ने, उनीहरुमा विश्वास र सुरक्षाको भावना जागृत गराउने, कार्यहरु अगाडी बढाइएको पाइन्छ ।

यही उद्देश्यलाई पुरा गराउन नेपालमा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागद्वारा सन् १९९९ देखि वालविकास कार्यक्रमलाई जिल्ला शिक्षा कार्यालय मार्फत कार्यान्वयनमा लगाइएको छ । सोहि अनुसार जिल्ला शिक्षा कार्यालय ओखलढुंगालाई पनि त्यस पछिको आर्थिक वर्षहरुमा कोटा संख्याको आधारमा वालविकास केन्द्रका कार्यक्रमहरु सञ्चालन गर्ने जिम्मेवारी दिइयो । हालसम्म समुदाय र विद्यालयमा गरि २७४ वटा बालविकास केन्द्रहरु सञ्चालन हुदै आएका छन् ।

यस शोध अध्ययनको क्रममा ओखलढुंगा जिल्लाका २७४ वटा बालविकास केन्द्रहरुमध्ये सिस्नेरी स्रोतकेन्द्र अन्तर्गत १० वटा बालविकास केन्द्रहरुमध्ये ४ वटा तथा च्यानाम स्रोतकेन्द्र अन्तर्गत १६ वटा स्रोतकेन्द्र मध्ये ४ वटा बालविकास केन्द्रहरुलाई नमूनाको रुपमा लिई बालविकास केन्द्रहरुमा गरिएको लगानी, बालविकास केन्द्रमा गरिएको लगानीले व्यावस्थापनमा पारेको प्रभाव, बालविकास केन्द्र गरिएको लगानीमा देखा पारेका समस्याहरु तथा ती समस्याहरुलाई समाधान गर्ने उपायहरुको बारेमा जानकारी लिने कार्य गरियो । यस

शोध अध्ययनको क्रममा सम्बन्धित बालविकास केन्द्रहरुमा नै पुगी सरोकारवालाहरुसँग छलफल, प्रश्नावली र अन्तर्वाता लिने जस्ता कार्यहरु गरिएको थियो ।

शिक्षा विकासका लागि के-कस्तो कदम चाल्नु पर्छ भन्ने कुरालाई सवै पक्षले ध्यान दिनु आवश्यक देखिन्छ । वास्तवमा विद्यालयमा आधारित बालविकास केन्द्र आधारभूत तहको जगको रुपमा देखिन्छ । जवसम्म जग बलियो हुँदैन तवसम्म माथिल्लो तहको शैक्षिक गुणस्तरमा बृद्धि हुँदैन । बालविकास केन्द्र विद्यालय तहका शिक्षा आधारभूत शिक्षा हो । यस्तो शिक्षाको ब्यापक विस्तार, सुधार तथा गुणस्तरमा बृद्धि गर्नुपर्छ । बालविकास केन्द्रको भवन निर्माण, जग्गा, खेलमैदान, शौचालय लगायतका भौतिक तथा शैक्षिक एवम् आवश्यक खेलकुदका सामाग्रीहरुको निर्माण एवम् संकलनमा समेत अभिभावकहरुको सक्रिय सहयोगको खाँचो देखिएको छ ।

बालवालिकाहरुको सर्वाङ्गिण विकासको लागि बालविकास कार्यक्रमलाई उचित रुपमा आर्थिक लगानीको व्यवस्थापन गरी बालवालिकाहरुलाई सोही केन्द्रमा नै राखि बाल कृयाकलापमा संलग्न गराउनु पर्ने, सहयोगी कार्यकर्ताको मनोबल बढाउनुका साथै सेवा सुविधाको सुनिश्चितता गर्नुपर्ने र यसका लागि अभिभावक लगायत सरोकारवालाहरुकै अत्यन्तै महत्वपूर्ण एवं जिम्मेवारी भूमिका निर्वाह गर्नु पर्ने ठहर यस शोध अध्ययनले गरेको छ ।

अतः प्रत्येक बालविकास केन्द्रहरुको दिर्घकालीन सञ्चालनको लागि स्थानीय निकाय तथा अभिभावकहरु नै सचेत भई नियमित अनुगमन र निरीक्षण गर्नुपर्ने, आवश्यक जग्गा, छुट्टै खेल मैदान, छुट्टै भवन लगायतका भौतिक एवम् शैक्षिक तथा खेल सामाग्रीहरुको व्यवस्था मिलाउनका लागि आर्थिक लगानीमा बृद्धि गर्दै अक्षय कोषको रुपमा विकास गर्नुपर्ने तथा नियमित आम्दानीका श्रोतका उपायहरुको खोजी गरी बालविकास कार्यक्रमहरुलाई प्रभावकारी एवम् दिर्घकालीन रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ५.२. सुझावहरु

शोध अध्ययनको निष्कर्षको अधारमा विद्यालयमा आधारित बालविकास कार्यक्रमको सञ्चालनमा देखिएका लगानीका समस्याहरुलाई समयमै प्राथमिकताका साथ सामाधान गर्ने

तर्फ प्रयास नगर्ने हो भने राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट यस प्रति गरिएको सम्पूर्ण लगानी दुरुपयोग हुनुको साथै राष्ट्रले अन्तर्राष्ट्रिय जगतमा गरेको आफ्नो प्रतिबद्धता समेत व्यर्थ भई राज्यको प्रतिष्ठामा समेत आँच पुग्न सक्छ । तसर्थ यस शोध कार्यको शीर्षक बालविकास कार्यक्रममा अध्ययन गर्न प्रति विद्यार्थीको लागत अध्ययन रहेकोले शीर्षकसँग सम्बन्धित क्षेत्रका गहन अध्ययन गर्दा देखिएका कमी कमजोरीहरुलाई सुधार गर्न केही सुझावहरु निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### ५.२.१ नीतिगत तह

विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानी बृद्धि गर्न र बालविकास कार्यक्रममा लगानीमा देखिएका समस्या समाधान गर्न विद्यालय क्षेत्र सुधार कार्यक्रमको मूल दस्तावेजले विद्यालय र समुदायमा आधारित पद्धतिबाट प्रारम्भिक बाल शिक्षा तथा बालविकास केन्द्रको विस्तार गर्नुपर्ने र बालविकास केन्द्रको स्थापनाका लागि केही न्यूनतम आधारहरु तयार गर्नु पर्दछ । शिक्षा विभागले तयार गरेको प्रारम्भिक बाल शिक्षा तथा बालविकास केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तथा विद्यालय क्षेत्र सुधार योजनामा भएको नीति र रणनीति बीच सामञ्जस्यता हुनु पर्दछ । यसले देश भर बालविकास केन्द्रको स्थापना र सञ्चालनको लागि निम्नलिखित न्यूनतम मापदण्ड र आधारहरु प्रदान गर्नुपर्दछ । ३० देखि ५० घर धुरी अर्थात २० जना भन्दा बढी ४ वर्ष उमेर समूहका बालवालिका भएको समुदायमा एउटा बालविकास केन्द्र स्थापना गर्नुपर्ने, कुनै वस्तीबाट १० मिनेटको पैदल दूरीमा कुनै विद्यालय छ भने त्यस्ता विद्यालयमा बालविकास केन्द्र स्थापना गर्न प्राथमिकता दिनुपर्ने, कक्षा कोठा छुट्टै सुरक्षित, स्वच्छ, सफा र बाल मैत्रीपूर्ण हुनुपर्ने, भर्ना भएका प्रत्येक बालवालिकालाई पर्याप्त मात्रामा पुग्ने गरी शैक्षिक सामाग्री हुनुपर्ने यस्ता सामाग्रीहरुको सूचि शिक्षा विभागले तयार गर्नुपर्ने, सहयोगी कार्यकर्ताहरुको शैक्षिक योग्यतामा एकरुपता ल्याउनुपर्ने सहयोगी कार्यकर्ताको छनौट प्रकृयाको कार्यविधि तय गर्नुपर्ने, तालिम प्राप्त सहजकर्ता हुनुपर्ने, बालविकास कार्यक्रम विद्यालयमा नै सञ्चालन गर्ने तर्फ प्राथमिकता दिनुपर्ने आदि ।

प्र.अ.ले लगानीको कार्यान्वयन पक्ष बलियो बनाउनुपर्छ । सहजकर्ताको सेवा, सुविधा, शैक्षिक सामाग्री र बालविकास केन्द्रको स्थापना गर्न एकपटकका अनुदान जस्ता न्यूनतम सक्षमताको प्रबन्ध सरकारले गर्नुपर्नेछ । बालविकास केन्द्रहरु सञ्चालनका लागि पर्ने अन्य निरन्तर खर्चको व्यवस्थापन समुदाय र गैर सरकारी संस्थाहरुको समेत साझेदारीमा हुनु पर्दछ ।

### ५.२.२ अभ्यास तह

केन्द्रिय स्तरमा शिक्षा नीतिले अवलम्वन गरेका कुराहरुलाई जिल्ला र स्थानीय स्तरमा सार्थक कार्यान्वयनका लागि प्रत्येक वस्ती र घरधुरी समेतको अवस्थाका लागि प्रत्येक वस्ति र घरधुरी समेतको अवस्था र सेवा पुऱ्याउनु पर्ने जनसंख्याको स्पष्ट विवरणलाई ध्यान दिदै विद्यालयमा आधारित बालविकास केन्द्रहरुलाई जिल्ला र स्थानयि निकायबाट प्रभावकारी रुपमा लागु गराउनु पर्दछ । प्रारम्भिक बालविकास कार्यक्रमको योजना तर्जुमा गर्दा स्थानीय लक्षित समूहलाई संलग्न गराउनु पर्दछ । बालविकास केन्द्रका जग्गा, भवन तथा शौचालयको निर्माण र खानेपानी व्यवस्था गा.वि.स./न.पा., स्थानीय दाता, विद्यालय, जि.वि.स. र अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको सहयोगमा स्थानीय जनसमुदायले गर्नु पर्दछ । जिल्ला विकास समिति र जिल्ला शिक्षा कार्यालयको बालविकास कार्यक्रमको योजना कार्यान्वयन र अनुगमनका लागि बालविकास बोर्ड गठन गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयहरुमा छुट्टै बालविकास शाखा स्थापना गर्नुपर्ने, बालविकास कार्यक्रम सञ्चालन निर्देशिका २०६१ को कडाइका साथ लागू गरी सम्बन्धित अभिभावकहरुबाट छुट्टै व्यवस्थापन समिति गठन गराउनु पर्ने, जिल्ला बालविकास बोर्डद्धारा स्थानीय गैर सरकारी संस्थाहरुको परिचालन गरी बालविकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने जिल्ला शिक्षा कार्यालयद्धारा समुदाय र विद्यालयको माँग अनुसार आवश्यक पूर्वाधार पूरा गरेको आधारमा बालविकास केन्द्रको कोटा वितरण गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयले प्रत्येक श्रोत केन्द्रमा सञ्चालित बालविकास केन्द्रहरु मध्ये् एउटालाई नमुना बालविकास केन्द्रको रुपमा विकास गर्नुपर्ने तथा बाँकी बालविकास केन्द्रको लागि सो केन्द्रलाई सिकाई बालविकास केन्द्रको रुपमा लिनुपर्ने देखिन्छ । बाल अधिकारलाई ध्यानमा राख्दै

बालश्रमको अन्त्य गर्नुपर्छ लैंगिक विभेद गर्नु हुँदैन । प्रधानाध्यापकले विद्यालयमा रहेको बालविकास केन्द्रमा घरेलु वातावरण कायम गर्नुपर्छ । बालविकास केन्द्रमा आर्थिक श्रोत जुटाउन अभिभावकहरुलाई सहभागीता गराउनु पर्दछ । सहयोगी कार्यकर्ताले बाल मनोविज्ञानलाई ध्यानमा राखी शिक्षण सिकाई गर्नु पर्दछ । सहयोगी कार्यकर्ताको जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम मासिक रु. ३,०००।- अहिलेको समय सापेक्ष अनुसार अति न्यून भएकोले सो रकम बृद्धि गरी सहयोगी कार्यकर्ताको मनोबल उच्च राख्नुपर्ने तथा बालविकास केन्द्रको व्यवस्थापन गर्नका लागि वार्षिक अनुदानको व्यवस्था गर्नुपर्ने लगायत जिल्ला शिक्षा कार्यालय तथा श्रोत केन्द्रहरुबाट विद्यालय निरीक्षक/स्रोत व्यक्तिद्वारा नियमित अनुगमन तथा निरीक्षण गर्नु पर्दछ ।

### ५.२.३. अनुसन्धान तह

सामुदायिक विद्यालयमा आधारित बालविकास कार्यक्रममा गरिएको लगानीको बृद्धि गर्न, बालविकास कार्यक्रम लगानीमा देखिएका समस्या समाधान गर्न, शिक्षाको आर्थिक जिम्मेवारी कसलाई दिने, बालविकास कार्यक्रममा गर्न खोजिएको लगानीको औचित्य, बालविकास कार्यक्रम प्रति सरोकारवालाहरुको जिम्मेवारी बृद्धि गर्न, सहयोगी कार्यकर्ताको पेशागत एवम् क्षमता विकास गर्न तथा विद्यालयको श्रोत साधनको अधिकतम प्रयोग गर्न आदि उल्लेखित अध्ययन अनुसन्धान गर्न सकिने सुझाव रहेका छन् ।

# सन्दर्भ सूचीहरु


उपाध्याय, नारायण (२०५९), *शैक्षिक सार्वजनिक लगानी, शैक्षिक सूचना संगालो,* शिक्षा विभाग ।

काफ्ले, बासुदेव एवं अन्य, (२०६६) *शिक्षाको वित्त शास्त्र,* काठमाण्डौं : सनलाइट पब्लिकेशन

कुवर, तिलक (२०६२) *अछाम जिल्लाको प्राथमिक विद्यालयहरुको वित्तिय स्थितिले शिक्षण सिकाई उपलब्धीमा परेको प्रभाव,* एक अध्ययन, स्नाकोत्तर तह सोधपत्र अप्रकाशित काठमाण्डौं: महेन्द्र रत्न क्याम्पस, ताहचल ।

कोइराला, यादव प्रसाद (२०६७), *शिक्षामा लगानी र प्रतिफल,* कर्मचारी कलम, पे.-२४५-२४९, भक्तपुरः शिक्षा विभाग ।

खनाल, मुकुन्दमणि (२०६२) *शिक्षामा लगानीको स्वरुप* उद्धव कोइराला प्रशासनका आयामहरु पे. २२६-३३४

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौं, स्टुडेन्टस बुक्स पब्लिकेसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

जिल्ला शिक्षा कार्यालय (२०६२), *शैक्षिक प्रवाह,* ओखलढंगाा : लेखक ।

जिल्ला शिक्षा कार्यालय (२०६९), *शैक्षिक बुलेटिन,* ओखलढुंगा ।

जिल्ला शिक्षा कार्यालय (२०७०), *शैक्षिक मार्गचित्र,* ओखलढुंगा ।

ढुंगाना (२०५९), *शैक्षिक खर्चकालागि साधन परिचालनका उपाय,* उद्धव काफ्ले, शिक्षाको *शैद्धान्तिक पक्ष* पे. ३१९-३३२

भट्ट, नारायण प्रसाद (२०६७), *शिक्षामा लगानी उद्धत* काफ्ले, *शैक्षिक विकासका बहु आयामिक चिन्तन,* पे. २२७-२४१

राष्ट्रिय योजना आयोग (२०५९) *दशौं पञ्चवर्षिक योजना मस्यौदा,* काठमाण्डौं: लेखक ।

राष्ट्रिय योजना आयोग (२०६५) *एघारौं पञ्चवर्षिक योजना मस्यौदा,* काठमाण्डौं: लेखक ।

राष्ट्रिय योजना आयोग (२०६९) *बाह्रौं पञ्चवर्षिक योजना मस्यौदा,* काठमाण्डौं: लेखक ।

शर्मा, निलम कुमार र सिंह नागेश्वर (२०६७), *विकास र शिक्षाको अर्थशास्त्र* काठमाण्डौं : पैरवी प्रशान ।

शर्मा, चिञ्जीवी र शर्मा निर्मला (२०६८), *प्रारम्भिक बाल्यावस्था विकासको आधार,* काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शिक्षा ऐन (२०२८), *शिक्षा नियमावली* (२०५९), छैठौं संशोधन (२०६७) ।

शिक्षा विभाग (२०६२), *प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका* (२०६१), काठमाण्डौंः लेखक ।

शिक्षा विभाग (२०५९), *प्रारम्भिक बालविकासमा अभिभावक जागरण पुस्तिका,* सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६१), *प्रारम्भिक बालविकास सम्बन्धि निर्देशिका,* भक्तपुर : लेखक ।

शिक्षा विभाग, (२०६६), *विद्यालय क्षेत्र सुधार योजना,* काठमाण्डौंः लेखक ।

शिक्षा मन्त्रालय, *नेपालको शैक्षिक तथ्यांक* (२०६८), नेपाल सरकार, शिक्षा विभाग, तथ्यांक शाखा, सानोठिमीः भक्तपुर ।

सिन्हा, रामस्वरुप (२०६२), *शैक्षिक मुल प्रवाहीकरण : मुद्दा र चुनौती,* शिक्षा प्रशासनको आयमहरु, पे. २६६-२७९

सुवेदी, दीपेन्द्र (२०६२) *ललितपुर जिल्लाको समुदायमा बालविकास कार्यक्रमहरुको व्यवस्थापन सम्बन्धी शोधपत्र,* काठमाण्डौं : त्रिभुवन विश्वविद्यालय ।

सेरिड (२०६०), *फर्मेटिभ अनुसन्धान परियोजना,* काठमाण्डौंः त्रिभुवन विश्वविद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

श्रेष्ठ, अमुदा (२०५९) *शिक्षामा वैदेशिक लगानी,* पत्रिका पे. ४९-६२

हाडा, गम्भीर बहादुर (२०६२), *शिक्षामा लगानी आवश्यकता र महत्व,* शिक्षा प्रशासक आयामहरु, पे. ४०३-४१७

**बालविकास केन्द्रमा गरिएको लगानी**
**अनुसूचीहरु**

अनुसूची-१

प्रधानाध्यापकको लागि प्रश्नावली

१. परिचय :

(क) नाम ..........................................(ख) पद : ...........................

(घ) योग्यता : ....................................

(ङ) अनुभव वर्ष : ................................. (च) विद्यालय : .............................

२. बाल विकास केन्द्रमा बालबालिकाहरुको भर्ना अवस्था कस्तो छ ?

| क.स. | विवरण | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|---|
| १ | बालवालिका | | | |
| २ | दलित | | | |
| ३ | जनजाती | | | |

३. बालविकास केन्द्रको आम्दानीहरुका श्रोतहरु के के हुन् ? ...................................

४. बालविकास केन्द्रको खर्चको जिम्मेवारी कसले लिनु पर्छ ? .................................

५. बालविकास केन्द्रमा खर्चको श्रोत जुटाउन के कस्तो कार्य गर्नु भएको छ ? .........................

६. बालविकास केन्द्रको संचालन खर्च कसरी चलाउनु भएको छ ? ............................

७. तपाईको बालविकास केन्द्रमा योजनाहरु निर्माण हुन्छ ☐ कि हुदैन ☐ ?

हुन्छ भने समुदायको सहभागिता हुन्छ ☐ कि हुदैन ☐ ?

८. तपाईको बालविकास केन्द्रमा आर्थिक योजना निर्माण हुन्छ ☐ कि हुदैन ? हुन्छ भने त्यसको सामाजिक परीक्षण हुन्छ कि हुदैन ? ☐

९. बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन गर्नु भएको छ ☐ कि छैन ☐ ? छ भने कसरी गठन गर्नु भएको छ ? ...........................................................

१०. बालविकास केन्द्रले सरकारबाट पाउने अनुदान रकम हाल सम्म कति पटक प्राप्त गर्नु भएको छ ?

क) एक पटक ख) दुई पटक ग) तीन पटक घ) लगातार

११. सरकारबाट प्राप्त हुने अनुदान यस बालविकास केन्द्रको संचालनमा कसरी सदुपयोग गर्नु भएको छ ? ..........................................................................................

१२. सहयोगी कार्यकर्ता नियुक्ति कसरी गर्नु भएको छ ?........................................
.......................................................................................................................

१३. बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई थप सुविधा वा पारिश्रमिकको व्यवस्था गर्न भविष्यमा के कस्तो कदम चाल्नु पर्ला ?...........................................
.......................................................................................................................

१४. शैक्षिक सामाग्री संकलन र निर्माणमा समुदायको सहयोग पाउनु हुन्छ ☐ हुदैन ? ☐

१५. बालविकास केन्द्रमा अन्य श्रोतहरु जुटाउन के के गर्नु भएको छ ?.........................
.......................................................................................................................

१६. बालविकास केन्द्रको लगानीमा देखा परेका समस्याहरु के के हुन ?........................
.......................................................................................................................

१७. बालविकास केन्द्रको लगानीमा देखा परेका समस्याका समाधानका उपायहरु के के हुन सक्छ ?.............................................................................................................
.......................................................................................................................

अनुसूची २

## सहयोगी कार्यकर्ताको लागि प्रश्नावली

१. परिचय

(क) नाम :.............................................................................................

(ख) पद :...........................

(ग) ठेगाना :..........................................................................................

(घ) योग्यता :...........................

(ङ) अनुभव वर्ष : .....................

(च) विद्यालय :.......................................................................................

२. बालविकास केन्द्र संचालनमा व्यवस्थापन समितिको सहयोग कस्तो छ ?

...............................................................................................................

३. बालविकास केन्द्रले सरकारवाट पाउने अनुदान रकम कति छ ? हाल सम्म प्राप्त गर्नु भएको छ ? छ भने कसरी ?

...............................................................................................................

४. सरकारवाट प्राप्त अनुदान रकमलाई बालविकास केन्द्र संचालनमा कसरी परिचालन गरिएको छ ? .....................................................................................

...............................................................................................................

५. तपाईले यस बालविकास केन्द्रवाट के कति पारिश्रमिक र सुविधाहरु प्राप्त गर्नु भएको छ ?.

...............................................................................................................

६. तपाईले अध्यापन गर्नु भएको बालविकास केन्द्र संचालनमा अन्य संघसंस्थाको पनि आर्थिक लगानी छ ? छ भने कस्तो किसिमको लगानी छ ?

...............................................................................................................

७. शैक्षिक सामाग्रीहरुको निर्माण गर्नुभएको छ वा छैन ? छैन भने त्यसको कारण के होला ?
.........................................................................................

...............................................................................................................

८. सीप सिकाईमा क्रममा कुन कुन शैक्षिक सामाग्रीहरु प्रयोग भएको छ ?

……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
………………………………………………………………

९. यस बालविकास केन्द्रको आर्थिक लगानीको सुधार सम्वन्धमा तपाईको सुझावहरु के के हुन सक्छ ? ………………………………………………………………………………

……………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………
……………………………………………………………………………

अनुसूची ३

## अभिभावकहरुका लागि प्रश्नावली

१. परिचय

(क) नाम :...............................................................................

(ख) पद :.................................

(ग) ठेगाना :.........................................................................

(घ) योग्यता :..............................

(ङ) कार्यक्षेत्र :..............................................

(च) विद्यालय :...........................................................................

२. बालविकास केन्द्रको संचालनमा तपाईले के के सहयोग पुऱ्याउनु भयो ?

.....................................................................................................

.....................................................................................................

.....................................................................................................

.................................................................

३. बालविकास केन्द्रमा स्थापना भए पछि वर्षमा कति पटक बालविकास केन्द्रका अनुगमनमा जानु भएको छ ?

क) एक पटक ख) दुई पटक ग) नियमित घ) छैन

४. तपाईको बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन भएको छ ☐ कि छैन ☐ ? गठन भएको छ भने कसरी ?............................................

..........................................................................................

५. बालविकास केन्द्रमा व्यवस्थापन समितिको वैठक वर्षमा कति पटक वस्ने गरेको छ ?......................................................................................

..........................................................................................

६. व्यवस्थापन समितिले अभिभावक भेला वर्षमा कति पटक गर्नु हुन्छ ?

.....................................................................................................

...................................................................................

७. बालविकास केन्द्रको अनुदान वाहेकका आर्थिक श्रोतहरु के के हुन ?

.............................................................................................................

.............................................................................................................

.............................................................................................................

.......................................................................

८. बालविकास केन्द्रमा प्राप्त अनुदान रकमलाई कसरी परिचालन गरिएको छ ?

.............................................................................................................

.........................................................................................

९. बालविकास केन्द्रमा सुविधाहरु के के छन् ?

क) खेलौना ख) अन्य सामाग्री ग) छैन

१०. बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताको नियुक्ति प्रकृया कसरी गर्ने गरिन्छ ?

.............................................................................................................

.........................................................................................

११. तपाईले आर्थिक सहयोग के के गर्नु भएको छ ? कति गर्नु भएको छ ?

.............................................................................................................

.........................................................................................

१२. अन्य केही सुझावहरु भए

.............................................................................................................

.........................................................................................

अनुसूची ४

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष एवं शिक्षक अभिभावक संघ अध्यक्षको लागि प्रश्नावली

१. परिचय :

क) नाम : ..................................ख) पद : ....................... ग) ठेगाना : ........................................... घ) योग्यता : ................ङ) विद्यालय : ...............................................................................................

२. तपाईले प्रारम्भिक बालविकास केन्द्रमा व्यवस्थापन समितिको गठन गर्नु भएको छ ? छ भने कसरी गठन गर्नु भयो ? ...................................................................

३. विद्यालयमा आधारित बालविकास केन्द्रका अनुदान र अन्य आम्दानीका श्रोतहरु के के हुन् ? क) .................................................................

ख) ..................................................................................

४. विद्यालयमा आधारित बालविकास केन्द्रको खर्च कसले व्यहोर्छ ?

क) समुदायले ख) सरकारले ग) केन्द्रले घ) सबै

५. विद्यालयमा आधारित बालविकास केन्द्रले नेपाल सरकारबाट पाउने अनुदान रकम हाल सम्म कसरी प्राप्त गरिएको छ ? ........................................................

६. बालविकास केन्द्रमा अभिभावक परिचालन कुन कुन कार्यको लागि गर्नु हुन्छ ?

...............................................................................................

७. सरकारबाट प्राप्त अनुदानलाई यस बालविकास केन्द्रको संचालनमा कसरी सदुपयोग गर्नु भएको छ ? ......................................................................................

८. आर्थिक श्रोत जुटाउन के के प्रयासहरु गर्नु भएको छ ? .......................................

९. तपाईको बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्तालाई थप सुविधाहरुको व्यवस्था छ ☐ वा छैन ☐ छ भने श्रोत कसरी जुटाउनु भएको छ ? ........................

१०. बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अवस्था कस्तो छ ? क) राम्रो छ ☐ ख) राम्रो छैन ☐ यदि राम्रो छैन भने जसको कारण के होला ?

.............................................................................................

११. शैक्षिक सामग्रीहरुको व्यवस्थापनमा गा.वि.स.को के कस्तो भूमिका रहेको छ ?

.........................................................................................

१२. बालविकास केन्द्रको संचालनमा एन.जी.ओ. /आई.एन.जी.ओ.हरुको पनि सहयोग लिने गर्नु भएको छ ? क) छ [ ] ख) छैन [ ] यदी छ भने कस्तो किसिमको सहयोग लिने गर्नु भएको छ ?

..............................................................................................................................

..............................................................................................

१३. बालविकास केन्द्रमा आउने बालबालिकाहरुमा कक्षा छोड्ने दरको अवस्था के छ ? यदि छ भने त्यसको कारण के होला ?

..............................................................................................................................

...................................................................................................................

१४. बालविकास केन्द्रमा सरकारबाट गरिएका लगानीबाट देखा पर्ने समस्याहरु के के हुन ?

..............................................................................................................................

...............................................................................................................

१५. बालविकास केन्द्रमा गरिएका लगानीबाट देखा पर्ने समस्या समाधानका उपायहरु के के हुन सक्छ ?

...........................................................................................................................

...........................................................................................................................

...........................................................................................................................

अनुसूची- ५

श्रोत व्यक्ति/वि.नि./जि.शि.अ.का लागि प्रश्नावली

१. परिचय

क) नाम :.................................. ख) पद :..................................

ग) ठेगाना :.................................घ) योग्यता....................................

ङ) जिल्ला :.....................च) अनुभव वर्ष ................

२. तपाईले आफ्नो क्षेत्रका बालविकास केन्द्रहरुका लागि के कस्तो सहयोग पुऱ्याउँदै आउनु भएको छ ?

..........................................................................................

..........................................................................................

३. विद्यालयमा आधारित बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको छनौट कसरी गर्ने गरिन्छ ?

..........................................................................................

..........................................................................................

४. सरकारवाट प्राप्त अनुदान रकमलाई बालविकास केन्द्र संचालनमा कसरी परिचालन गर्ने गरिएको छ ?

..........................................................................................

..........................................................................................

५. बालविकास केन्द्रको व्यवस्थापन समितिवाट त्यस्ता बाल कक्षालाई के कस्ता सहयोगहरु प्राप्त हुने गरको छ ?

..........................................................................................

..........................................................................................

६. विद्यालयमा आधारित बालविकास केन्द्रका अनुदान वा अन्य आम्दानीका श्रोतहरु के के हुन ?

..........................................................................................

..........................................................................................

७. बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई पेशागत क्षमता अभिवृद्धि कसरी गर्न सकिन्छ ?

..........................................................................................

...........................................................................................................

८. बालविकास केन्द्र संचालन सम्वन्धी तालिम लिनु भएको छ ☐ छैन ☐ यदि छैन भने यसको कारण के हुन सक्छ ?

...........................................................................................................

...........................................................................................................

९. बालविकास केन्द्रहरुको सुपरिक्षेण वर्षमा कति पटक गर्नु हुन्छ ?

...........................................................................................................

...........................................................................................................

१०. बालविकास केन्द्रहरुको वित्तीय क्षेत्रका समस्याहरु के के हुन ?

...........................................................................................................

...........................................................................................................

११. बालविकास केन्द्रहरुको वित्तीय क्षेत्रका समस्याहरु समाधान गर्न उपायहरु के के हुन सक्छ ?

...........................................................................................................

...........................................................................................................

१२. अन्य केही सुझावहरु भए ।

...........................................................................................................

...........................................................................................................

अनुसूची ६

अवलोकन फारम

विद्यालयको नाम :

ठेगाना :

| क.सं | विवरण | अति उत्तम<br>३ | उत्तम<br>२ | सामान्य<br>१ |
|---|---|---|---|---|
| १ | कार्य योजना निर्माण | | | |
| २ | बालविकास केन्द्रको व्यवस्थापन | | | |
| ३ | शैक्षिक सामाग्रीको संकलन, निर्माण र प्रयोग | | | |
| ४ | कार्यक्रममा बालवालिकाहरुको सहभागिता | | | |
| ५ | बालविकास केन्द्रको आर्थिक अवस्था | | | |
| ६ | सहयोगी कार्यकर्ताको व्यक्तित्व | | | |
| ७ | कक्षा व्यवस्थापन | | | |
| ८ | अभिभावकको आकर्षण | | | |
| ९ | कार्यक्रमको निरीक्षण तथा अनुगमन | | | |
| १० | मूल्यांकन अभिलेख | | | |
| | कूल जम्मा | | | |

अवलोकनकर्ताको नाम :

दस्तखत :

मिति :

अनुसूची ७

नमुना छनौटमा परेका विद्यालय र सहयोगी कार्यकर्ताको विवरण :

| क्र. सं. | विद्यालयको नाम | सहयोगी कार्यकर्ताको नाम | ठेगाना | योग्यता | अनुभव वर्ष | तालिम दिन |
|---|---|---|---|---|---|---|
| १ | श्री सुनकोसी उ.मा.वि., वलखु | सुस्मिता अधिकारी | वलखु-६ | आई.एड. | ४ | १६ |
| २ | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | खिनकुमारी तिम्सिना | सिस्नेरी-५ | एस.एल.सी. | ५ | १६ |
| ३ | श्री आरुभञ्ज्याङ नि.मा.वि., वलखु | पार्वती तमाङ्ग | वलखु-२ | एस.एल.सी. | ५ | १६ |
| ४ | श्री जनजागृति प्रा.वि., सिस्नेरी | आशा राई | सिस्नेरी-९ | एस.एल.सी. | ६ | १६ |
| ५ | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | लिला कुमारी वस्नेत | च्यानाम-६ | आई.एड. | ५ | १६ |
| ६ | श्री चौतारा मा.वि., मूलखर्क | विन्दामाया कटुवाल | मुलखर्क-२ | आई.एड. | ७ | १२ |
| ७ | श्री भिमसेन प्रा.वि., कटुन्जे | शान्ति श्रेष्ठ | कटुन्जे-६ | एस.एल.सी. | ९ | १० |
| ८ | श्री जगतजननी प्रा.वि., च्यानाम | दिल कुमारी सार्की | च्यानाम-७ | एस.एल.सी. | ५ | १६ |

(श्रोत : स्थलगत अध्ययन, २०७०)

अनुसूची ८

नमुना छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको नामावली

| क्र. सं. | वि.व्य.स.अध्यक्षको नाम | विद्यालयको नाम र ठेगाना | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | लेख वहादुर खड्का | श्री सुनकोसी उ.मा.वि., वलखु | आई.एड. | |
| २ | रुद्र वहादुर राई | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | आई.एड. | |
| ३ | रामहरी मगर | श्री आरुभञ्ज्याङ नि.मा.वि., वलखु | आठ पास | |
| ४ | जगत वहादुर राई | श्री जनजागृति प्रा.वि., सिस्नेरी | साक्षर | |
| ५ | रुद्र अधिकारी | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | वि.एल. | |
| ६ | तेज वहादुर वोगटी | श्री चौतारा मा.वि., मूलखर्क | आई.ए. | |
| ७ | दुर्गा श्रेष्ठ | श्री भिमसेन प्रा.वि., कटुन्जे | एस.एल.सी. | |
| ८ | डिल्ली प्रसाद भट्टराई | श्री जगतजननी प्रा.वि., च्यानाम | साक्षर | |

(श्रोत : स्थलगत अध्ययन, २०७०)

अनुसूची ९

नमुना छनौटमा परेका शिक्षक अभिभावक संघका अध्यक्षहरुको नामावली

| क्र. सं. | शि.अ.सं अध्यक्षको नाम | विद्यालयको नाम र ठेगाना | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | राजनप्रसाद लुइटेल | श्री सुनकोसी उ.मा.वि., वलखु | टेष्ट पास | |
| २ | माधव खत्री | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | साक्षर | |
| ३ | डम्वर तमाङ्ग | श्री आरुभञ्ज्याङ नि.मा.वि., वलखु | आठ पास | |
| ४ | भैर वहादुर राई | श्री जनजागृति प्रा.वि., सिस्नेरी | साक्षर | |
| ५ | भोला वस्नेत | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | वि.एड. | |
| ६ | लाएन तमाङ्ग | श्री चौतारा मा.वि., मूलखर्क | आठ पास | |
| ७ | तुलसी प्रसाद धमला | श्री भिमसेन प्रा.वि., कटुन्जे | साक्षर | |
| ८ | नकुल मगर | श्री जगतजननी प्रा.वि., च्यानाम | आठ पास | |

(श्रोत : स्थलगत अध्ययन, २०७०)

अनुसूची १०

नमुना छनौटमा परेका प्र.अ.हरुको नामावली

| क्र. सं. | प्र.अ.को नाम | विद्यालयको नाम र ठेगाना | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | इन्द्रप्रसाद लुइटेल | श्री सुनकोसी उ.मा.वि., वलखु | एम.ए. | |
| २ | शान्तिमान राई | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | वि.एड. | |
| ३ | तेजनारायण चौधरी | श्री आरुभञ्ज्याङ नि.मा.वि., वलखु | वि.एड. | |
| ४ | रमेश कुमार धमला | श्री जनजागृति प्रा.वि., सिस्नेरी | आई.एड. | |
| ५ | टंकलाल गिरी | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | एम.एड. | |
| ६ | कमल वहादुर कटुवाल | श्री चौतारा मा.वि., मूलखर्क | आई.एड. | |
| ७ | किशोर श्रेष्ठ | श्री भिमसेन प्रा.वि., कटुन्जे | एस.एल.सी. | |
| ८ | मोहन कुमार अधिकारी | श्री जगतजननी प्रा.वि., च्यानाम | एस.एल.सी. | |

(श्रोत : स्थलगत अध्ययन, २०७०)

अनुसूची ११

नमुना छनौटमा परेका अभिभावकहरुको नामावली

| क्र. सं. | अभिभावकको नाम | विद्यालयको नाम र ठेगाना | ठेगाना | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | विनोद लुइटेल | श्री सुनकोसी उ.मा.वि., वलखु | वलखु-६ | एस.एल.सी. | |
| २ | चक्र राई | श्री पञ्चकन्या मा.वि., सिस्नेरी | सिस्नेरी-५ | वि.एड. | |
| ३ | टपेन्द्र तमाङ्ग | श्री आरुभञ्ज्याङ नि.मा.वि., वलखु | वलखु-२ | एस.एल.सी. | |
| ४ | सुन्दर राई | श्री जनजागृति प्रा.वि., सिस्नेरी | सिस्नेरी-९ | साक्षर | |
| ५ | प्रदिप भट्टराई | श्री प्रबुद्ध उ.मा.वि., च्यानाम | च्यानाम-६ | एस.एल.सी. | |
| ६ | श्याम वहादुर कटुवाल | श्री चौतारा मा.वि., मूलखर्क | मूलखर्क-२ | साक्षर | |
| ७ | यदुनाथ धमला | श्री भिमसेन प्रा.वि., कटुन्जे | कटुन्जे-७ | एस.एल.सी. | |
| ८ | राम प्रसाद भट्टराई | श्री जगतजननी प्रा.वि., च्यानाम | च्यानाम-७ | आठ पास | |

(श्रोत : स्थलगत अध्ययन, २०७०)

अनुसूची १२

नमुना छनौटमा परेका जिल्ला शिक्षा अधिकारी, विद्यालय निरीक्षक र श्रोतव्यक्तिहरुको नामावली

| क्र. सं. | नाम | पद | कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | लोक वहादुर लोप्चन | जि.शि.अ. | जि.शि.का.ओखलढुङ्गा | |
| २ | राम वहादुर तमाङ्ग | वि.नि. | जि.शि.का.ओखलढुङ्गा | |
| ३ | टंकहरी दाहाल | श्रोतव्यक्ति | श्रोतकेन्द्र सिस्नेरी, ओखलढुङ्गा | |
| ४ | राम कुमार ढकाल | श्रोतव्यक्ति | श्रोतकेन्द्र च्यानाम, ओखलढुङ्गा | |

(श्रोत : स्थलगत अध्ययन, २०७०)